# धर्मकीर्ति

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY

श्रा व ण पू र्णि मा



अग्रश्रावक-अस्थिधातु बिदाइको दिन (२२ नवम्बर १९५१)मा गौचरण-हवाई अड्डामा खिचिएको फोटो श्री ५ त्रिभुवन (बीचमा) का साथ नेपालका भिक्षु महासंघ र अन्य आगन्तुक विदेशी भिक्षुहरू

DHARMAKIRTI

वर्ष- १८ अङ्क- ४ वार्षिक रु. ६०/- मूल्य रु. ५/-

# सम्पादकीय

## बौद्ध हाजिरी जवाफ

आजको युगलाई वैज्ञानिक युग भनिन्छ । त्यसैले होला ब्यापारीहरूले पनि नयाँ नयाँ वैज्ञानिक प्रचार माध्यमहरू (रेडियो, टेलिभिजन) मार्फत आफ्नो ब्यापार बारे प्रचार गरिरहेका छन् । आ-आफ्नो पसलको सजावट पनि आधुनिक ढंगबाट भइरहेको देखिन्छ । यो भयो व्यापारिक क्षेत्र ।

धर्म प्रचार क्षेत्रमा पनि धर्म प्रचारकहरूले विभिन्न आधुनिक तरीकाहरू अपनाई धर्म प्रचार गरिरहेका छन् । कसैले ढोलक बजाई, हारमोनियम, तबला आदि बजाई भजन कीर्तन गर्दै धर्म प्रचार गर्दैछन् । कसैले युवा वर्गलाई धर्ममा आकर्षण गर्न भिडियोको प्रयोग गरे । श्रीलंका र थाइल्याण्डमा युवावर्गलाई धर्ममा आकर्षण गर्न जातक कथाको आधारमा (महिला पात्रहरूले खेलेको) नाटकहरू देखाइए ।

यसरी नै नेपालमा युवावर्ग र विद्यार्थीहरूलाई बुद्ध शिक्षाको ज्ञान दिने उद्देश्य लिई बौद्ध हाजिरी जवाफ प्रतियोगिताको माध्यम अपनाइएको छ । किनकि यो माध्यम मनोरञ्जनात्मक छ । हाजिरी जवाफ प्रतियोगितामा भाग लिने विद्यालयलाई आवश्यक पाठ्यपुस्तकहरू (बुद्ध शिक्षा सम्बन्धी) प्रतियोगिता शुरू हुने दिन भन्दा एक महिना अगावै निःशुल्क उपलब्ध गराइन्छ ताकि राम्रोसंग पढेर तयार गर्न सकोस् । साथै बुद्ध शिक्षाको ज्ञान हासिल गर्न सकोस् ।

विद्यार्थी वर्गको ध्यान बुद्ध शिक्षा अध्ययन गरेर आफ्नो चरित्र निर्माण गर्नेतिर भन्दा पनि प्रतियोगितामा अधिक नम्बर लिएर प्रमाणपत्र, पुरस्कार र शील्ड प्राप्त गरी नाम कमाउनुमा नै केन्द्रित रहेको देखिन्छ । हुनत प्रतियोगिता भनेको नै प्रतिस्पर्धाको आधारमा संचालन हुने गरिन्छ । जे होस् प्रश्नहरूको उत्तर दिएको हेर्दा विद्यार्थी वर्गले प्रतियोगिताको लागि राम्रो मेहनत गरेको ठहरियो ।

विद्यार्थीहरूलाई बुद्ध शिक्षाको माध्यमबाट नैतिक शिक्षा प्रदान गरी चरित्रवान् युवाहरूको श्रृजना गर्ने उद्देश्य लिएका आयोजकहरूको लक्ष्यलाई सराहना गर्नु पर्दछ । तर प्रतियोगिता संचालन गर्नका लागि तयार गरिएका प्रश्नहरू मध्ये कतिपय प्रश्नहरू यस लक्ष्यलाई साथ दिने खालका भेट्टिएनन् । उहाँहरूलाई थाहा भएकै कुरा हो बुद्ध शिक्षा अन्धविश्वास र पूर्वाग्रहबाट मुक्त मात्र होइन वैज्ञानिक र व्यवहारिक शिक्षा पनि हो । तसर्थ प्रश्न तयार पार्दा अवैज्ञानिक, साम्प्रदायिक र कोरा सैद्धान्तिक प्रश्नलाई स्थान दिनु उपयुक्त देखिँदैन । अव्यवहारिक तरिकाले स्वर्ग नरकको विषयमा यो कथन कुन सूत्रमा उल्लेख भएको छ ?, यस "पाली वाक्य" को अर्थ के हो ?, यो देवीको अर्को नाम के हो ?, यो बौद्ध विद्वानको नाम के हो ? आदि आदि प्रश्नले बुद्ध शिक्षाको आदर्श लिनुमा भन्दा पनि अन्यौलको स्थिति सृजना गराइदिन सक्छ । त्यति मात्र होइन सोधिएका प्रश्नहरू विवाद रहित बनाउनका लागि समय, काल र परिस्थिति किटान गरी त्यसलाई सुहाउँदो तरिकाले प्रश्न तयार गर्दा अझ राम्रो हुने देखिन्छ ।

बुद्धले भन्नुभएको छ, पुस्तकमा उल्लेख गरिएको छ भन्दैमा आँखा चिम्लेर विश्वास गर्नु उपयुक्त हुने छैन । आफ्नो स्वतन्त्र चिन्तनले विचार गरेर मात्र स्वीकार गर्नु उपयुक्त हुनेछ । उदाहरणको लागि बुद्ध जीवनीमा उल्लेखित कतिपय कुराहरू व्यवहारिक र वैज्ञानिक छैनन् । बुद्ध शिक्षाको मुख्य उद्देश्य त मानिसलाई असल र चरित्रवान् बनाउनु हो । बौद्ध विद्वान कहलाउनका लागि होइन । यही उद्देश्य लिएर धर्म प्रचार गर्नु नै बौद्ध नीति हो । यसलाई प्रश्नकर्ता लगायत सबै धर्म प्रेमीले विर्सन नहुने मनसाय धर्मकीर्तिले व्यक्त गर्दछ ।

## विषय-सूचि


| | | | |
|---|---|---|---|
| १) बुद्ध-वचन | – | | १ |
| ३) गरौं न हामी पनि – बुद्ध ... | ✍ | रीना तुलाधर | २ |
| ३) बाइस वर्षमा पनि पूरा नभएको ... | – | | ३ |
| ४) देवी रिसाउने डरले ... | – | | ४ |
| ५) *धम्मपद* (१) यमकवग्गो | ✍ | आशारत्न शाक्य | ५ |
| ६) (कविता) दुःखको संसार | ✍ | रामभक्त प्रधान | ५ |
| ७) आफूदेखि आफै दिक्क छु | ✍ | भिक्षु अश्वघोष | ६ |
| ८) (कविता) पञ्चशील गीत | ✍ | कुमुद श्रेष्ठ | ७ |
| ९) मारूत जातक | ✍ | प्रकाश बज्राचार्य | ७ |
| १०) सही बुद्धपूजा बारे मन्तव्य | ✍ | श्यामलाल चित्रकार | ८ |
| ११) चैत्य उद्घाटन – एक झलक | ✍ | संघरक्षित भिक्षु | ९ |
| १२) गहना बेचेर अनाथाश्रम ... | ✍ | खिमप्रसाद घले | १२ |
| १३) मैत्रीसंघको छोटो चिनारी | ✍ | विश्वरत्न शाक्य | १३ |
| १४) शान्तिवादी बन तिमी | ✍ | होम कुमार श्रेष्ठ | १४ |
| १५) मृत आमाबाबुको काजक्रिया... | ✍ | माधव नेपाल | १५ |
| १६) उपदेश त साँच्चैको उपदेश ... | ✍ | लेख बहादुर राउत | १६ |
| १७) धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू | | | २१ |
| १८) (कविता) सियत हे म्वाय्गु ... | ✍ | अमृतमान शाक्य | २१ |
| १९) धर्मकीर्ति विहार – गतिविधि | | | १७ |
| २०) धर्म प्रचार – समाचार | | | २२ |


Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**
फोन : २५८९५५

व्यवस्थापकहरू
**चिनीकाजी महर्जन**
फोन : २५३१८२
**ज्ञानेन्द्र महर्जन**
फोन : २७६९०८

सह-व्यवस्थापक
**ध्रुवरत्न स्थापित**

सम्पादक
**भिक्षुणी वीर्यवती**
फोन : २५९४६६

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन : २५५९६०, २५९११०

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**
फोन : २५९४६६

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत् २५४४
नेपालसम्वत् ११२०
इस्वीसम्वत् २०००
बिक्रमसम्वत् २०५७

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | ६०/- |
| यस अङ्कको | रु. | ५/- |


# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

**A Buddhist Monthly**

**JULY, 2000**


| वर्ष- १८ | अङ्क- ४ | श्रावण | पूर्णिमा २०५७ |
|---|---|---|---|





★ आफ्नो दोष देखाइदिनेलाई गाडेको धन देखाईदिने मित्र भनि ठान्नु पर्छ । ज्ञानीहरू आफूलाई गालि गरेर सिकाउनेको सत्संगत् छोड्दैनन्, त्यस्ताको सत्संगत् गर्नाले आफ्नो उन्नति सिवाये हानि हुँदैन ।

★ ★ ★

★ डाडुरुले तिहुन तर्कारीको स्वाद थाहा नहुने झैं मूर्खजनले पनि जीवनभर पण्डितको सत्संगत् गरेता पनि धर्मको मर्म बुझ्न सक्दैन ।

★ ★ ★

★ जिब्रोले तिहुन तर्कारीको स्वाद पाए झैं विद्वानले क्षणभरमात्र भए पनि सज्जन विद्वानहरुको सत्संगत पायो भने धर्मको रस बुझिहाल्छ ।

★ ★ ★

# गरौं न हामी पनि - बुद्धको शिक्षा प्रचार

✍ रीना तुलाधर
'परियत्ति सद्धम्म कोविद'

संसारमै विभिन्न धर्मावलम्बीहरूमा आ-आफ्नो धर्म प्रचार गर्ने होड्बाजी चलीरहेको बेलामा बुद्ध धर्म प्रचारको लागि बौद्धहरू पनि ससक्त तथा सक्रिय हुनु आजको समयको माग हो । क्रिश्चियनहरूले संसार भरि नै ठूलो आयाम चलाईरहेका छन्, क्रिश्चियनहरूको संख्या बढाउन । उस्तै गरी मुस्लिमहरू, हिन्दूहरू आदि सबका सबले आ-आफ्नो धर्मलाई अगाडि पार्न व्यापक प्रचारहरु गर्दैछन् । यस्तो समयमा बौद्धहरू मात्र पछाडि परेर बस्नु भएन । बौद्धहरूले पनि दौड्नै परेको छ आफ्नो धर्मलाई अगाडि पार्न यस धार्मिक दौड् प्रतियोगितामा ।

एकछिन संसारको कुरालाई छोडेर नेपालको मात्र कुरा गरौं । विगत ५० वर्ष यतादेखि नेपाली बौद्धहरू पनि जागृत भएको नेपालको इतिहासले बताउँछ । २००७ सालमा राणा शासनकालको अन्त्य भएदेखि उपत्यका भित्र र उपत्यका बाहिर पनि बुद्ध धर्मको व्यापक प्रचार हुँदै आएको छ । आज हेरौं, नेपालमा थुप्रै बौद्ध विहारहरू निर्माण भईसकेका छन् । विहारहरूमा बुद्धपूजा, परित्राण पाठ, दान कार्यहरू, भिक्षुगणलाई भोजन दान नियमित रूपमा भईरहेका छन् । समय समयमा महापरित्राण, विभिन्न बौद्ध समारोहहरू, बौद्ध तीर्थयात्राहरूको आयोजना इत्यादि हुने गर्छन् । धार्मिक पुस्तक तथा पत्र-पत्रिकाहरू पनि प्रशस्त प्रकाशित हुँदै छन् । यस्तै खालका धार्मिक क्रियाकलापहरूलाई हामी बुद्ध धर्म प्रचारको परिभाषा दिंदै आएका छौं ।

आज जुन गतिमा बुद्ध धर्मको प्रचार भईरहेको छ, त्यसमा सन्तोष लिएर बस्ने अवस्था छैन । नेपालमा बौद्ध जनताको संख्या बढाउनु छ, अझ धेरै विहारहरूको संख्या बढाउनु छ, बुद्धपूजा तथा बौद्ध कार्यक्रमहरू धेरै चलाउनु छ, अझ धेरै बौद्ध पुस्तक तथा पत्र पत्रिकाहरू प्रकाशित गर्नुछ । बुद्ध धर्मलाई व्यापक भन्दा व्यापक रूपमा प्रचार गर्नुछ । हाम्रो लक्ष्य यही हुनुपर्छ । यही समयको माग हो ।

तर सावधान ! बुद्ध धर्म प्रचार गर्ने बौद्धहरू ! बुद्ध धर्म प्रचार गर्ने तान्त्रामा दौड्दै कतै हामीले बुद्धको वास्तविक शिक्षालाई बिर्सेर गएका त छैनौं ? हामी बौद्धहरू एकछिन आँखा चिम्लेर सोचौं, हामीले कतिको सही ढंगले बुद्धको धर्मलाई प्रचार गर्दैछौं । सम्यक सम्बुद्धले बुद्धत्व लाभ गर्नु भएपछि ४५ वर्षको जीवनकालमा एकछिन आराम नगरी सिकाउनु भएको सम्यक शिक्षा बौद्ध भनाउँदाहरूले कतिको अपनाईरहेका छन् यसको मूल्यांकन हुनु - यो अर्को माग हो आजको समयको ।

विभिन्न बौद्ध गतिविधिहरू संचालन हुनु नै बुद्ध धर्म प्रचारको अन्तिम लक्ष्य भनी ठान्नु यो हाम्रो भ्रम हो । बुद्ध भन्नुहुन्छ- "सब्ब पापस्स अकरणं, कुसलस्स उपसम्पदा, सचित्त परियोदपनं एतं बुद्धानुशासनं' अर्थात् "सबै पापकर्म नगर्नु, असल कार्य जति गर्नु, आफ्नो चित्तलाई शुद्ध गर्नु यही नै बुद्धहरूको अनुशासन (शिक्षा) हो । नेपालमा जहाँ जहाँ बुद्ध धर्मको प्रचार भइरहेको छ त्यहाँ त्यहाँका बौद्धहरूले यदि बुद्धको यो छोटो शिक्षालाई मात्र अनुकरण गरिरहेका छन् भने बुद्ध धर्म प्रचार सार्थक भयो । यदि अपनाउनु छैन, बुद्धको यस शिक्षालाई मात्र सुन्ने विषय बनाएर छोडियो भने आज जति पनि बुद्ध धर्म प्रचारको नाउँमा कार्यहरू भईरहेका छन् ती सबै ब्यर्थ, बेकार । देखावटी मात्र हुन जान्छ ।

बुद्ध शिक्षा लिनुको मूल उद्देश्य हुनुपर्छ जीवनमा चरित्र र व्यवहारको सुधार गर्नु नकि धार्मिक कार्यक्रमहरू मात्र चलाउनु । बौद्ध ग्रन्थहरू पढियो, बौद्ध विद्वान भइयो । तर आफ्नो बानि ब्यहोरामा भने अलिकति पनि बौद्धपन आएन भने त्यसलाई साँच्चैको उपलब्धि भन्न मिल्दैन । नढाँटिकन भनौं, आज कतिपय बौद्ध उपासकहरूमा चरित्र र व्यवहार सुधार भएको भेटाउन गाह्रो छ । सहन शक्ति नभएर भाइ भाइ बिच नालिश चलिरहन्छ बौद्ध उपासकहरूकै बिचमा । दान दिनेहरूमा पनि आ-आफ्नो नामको प्रचार गराउने प्रवृत्ति बढ्दो छ । दान दिएपछि दान दाताको नाम सबैले थाहा पाओस् भनी चाहन्छन् । बौद्ध लेखक भनाउँदाहरूमा पनि सकेसम्म आफ्नो लेख तथा पुस्तक बढी प्रकाशन गर्ने स्वार्थ लुकेको छ । बौद्ध संघ संस्थाहरू पनि आ-आफ्नै संस्थालाई माथि उचाल्ने प्रयासमा लागी परेका छन् । यहाँसम्म कि भिक्षु भिक्षुणीहरूको बिचमा पनि आ-आफ्नै विहारहरू मात्र राम्रो गर्ने तरखर देखिन्छ । मात्र रह्यो, जहाँ पनि होडबाजी, जहाँ पनि प्रतियोगिता । खै त ? बुद्ध शिक्षाको उपादेयता ?

■



Downloaded from http://www.dhamma.digital

# बाइस वर्षमा पनि पूरा नभएको लुम्बिनी विकास गुरुयोजना

बुटवल, १३ असार, रा.स.स. । गुरुयोजनाको कार्यान्वयन लक्ष्यअनुरुप हुन नसकेको कारण लुम्बिनीको विकासमा दिन प्रतिदिन समस्या थपिँदै गएको छ ।

इतिहासकारहरूका अनुसार लुम्बिनीको विकासको सुरुवात सम्राट अशोककै बेला इशापूर्व २ सय ४९ बाट भएको देखिन्छ ।

सन् १९५६ नोभेम्बर महिनामा काठमाडौंमा भएको चौथो अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनले लुम्बिनीको ऐतिहासिक र धार्मिक महत्वलाई दृष्टिगत गरी त्यसको संरक्षण र विकास गर्नुपर्ने राय प्रस्तुत गरेअनुरुप स्वर्गीय श्री ५ महेन्द्रबाट सोही वर्ष लुम्बिनीको उद्यान विकासको थालनी गराइबक्सेको थियो ।

सन् १९६७ मा संयुक्त राष्ट्र संघका तत्कालीन महासचिव स्वर्गीय उ थान्तको लुम्बिनी भ्रमणपछि सन् १९७० मा संयुक्त राष्ट्र संघस्थित नेपालका स्थायी प्रतिनिधिको अध्यक्षतामा नेपाल, म्यान्मार, भारत, इण्डोनेशिया, जापान, लावोस, मलेशिया, पाकिस्तान, थाइल्याण्ड, श्रीलंका, अफगानिस्तान, कम्बोडिया र सिंगापुर रहेको एक अन्तर्राष्ट्रिय लुम्बिनी विकास समिति गठन गरिएको थियो ।

वास्तुकलाविद् टाँगेको उक्त गुरुयोजनालाई सन् १९७८ मा टोकियोमा भएको नेपाल, भारत र थाइल्याण्डको त्रिपक्षीय बैठकले अनुमोदन गरेपछि सोही वर्ष सरकारले स्वीकृत पनि गरेको थियो ।

गुरुयोजनाको थालनीमा सामाजिक, आर्थिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक र पर्यटनको साथै धार्मिक क्षेत्रमा सघाउ पुग्ने हेतुले सर्वप्रथम २५ स्क्वायर माइल क्षेत्रको विकास गर्ने लक्ष राखेको पाइन्छ ।

गुरुयोजनामा पवित्र उद्यान क्षेत्रमा मायादेवी मन्दिर, पवित्रकुण्ड, अशोकस्तम्भ, पुरातात्विक महत्वपूर्ण भग्नावशेष र प्राचीन लुम्बिनीग्रामका अवशेषहरू रहने, वरिपरि चारैतिर रमणीय बगैंचा बनाइने, चारैतिर पोखरी खनी सफा पानी राख्ने, बाहिर उत्तर-पश्चिमबाट आउने पानी पवित्र क्षेत्रभित्र पस्न नसक्ने गरी गोलाकार नहर बनाइने, दायाँवायाँ, पूर्व, पश्चिम दुई क्षेत्रमा २००/२०० साधक-साधिकाहरू अटाउने ध्यानकुटीहरू निर्माण गरिने र प्राचीन पुरातात्विक महत्वपूर्ण भग्नावशेषको संरक्षण, सम्बर्द्धन र हेरचाह गर्न गोलाकार नहरको बाहिर पुरातात्विक भवन बनाइने उल्लेख छ ।

तर प्राध्यापक डा. रामनिवास पाण्डेले पवित्र उद्यान क्षेत्रमा टाँगेले गरेको परिकल्पना वास्तुकलाको दृष्टिले ठीक नभएको बताउनु हुन्छ ।

गुरुयोजनाको अन्तर्राष्ट्रिय विहार मन्दिर क्षेत्रमा १६ मिटर चौडा केन्द्रीय मेरुदण्डको नहर बनाइने, उक्त नहरको दायाँवायाँ ४/४ मिटर चौडाइ पानीमा फुल्ने वाटर लिली फूलहरू र बाँकी ८ मिटर चौडाइ भएको नहरमा खुट्टाले चालिने नाउ खियाउन सक्ने केन्द्रीय नहर बनाउने, उक्त नहरको दायाँवायाँ हरियाली चौर बनाउने, पूर्वतर्फ विभिन्न देशका थेरवाद विहार, स्तुप र पश्चिमतर्फ विभिन्न देशका महायानी वज्रयानी स्तुप, विहार, गुम्बा एवं बहाल बनाउने, नहरको लम्बाइको दूरी बीच पूर्वतिर लुम्बिनी चोकमा खुल्ला मञ्च र पश्चिमतिर अष्टांगिक मार्ग दर्शाउने छत्रकुण्ड निर्माण गरिने व्यवस्था छ ।

गुरुयोजना अन्तर्गत ४२ वटा प्लट निर्धारण गरिएको अन्तर्राष्ट्रिय विहार मन्दिर क्षेत्रमा २२ वर्षको अवधिमा २४ वटा विहार निर्माण गर्न सम्झौता भए पनि हालसम्ममा चिनियाँ मन्दिरको निर्माण कार्य मात्र सम्पन्न भएको र १२ वटा विहार मन्दिर निर्माणाधीन अवस्थामा रहेको बुझिएको छ ।

यसमा १०० शय्याको उच्चस्तरीय होटेल, १५० शय्याको मध्यम स्तरीय होटेल, २०० शय्याको साधारण आवासगृह र खुल्ला क्यापिङ्ग ग्राउण्ड बनाउने व्यवस्था गरिएको छ ।

यस अन्तर्गत श्रीलंका विश्राम गृह र होके होटेल निर्माण भइसकेका छन् भने १०० शय्याको मिकासा होटल निर्माणाधीन अवस्थामा छ ।

गुरुयोजना बनाएको २२ वर्ष भइसक्दा पनि लक्ष्य हासिल नहुनुमा शुद्ध चेतनाको अभावकारक भएको लुम्बिनी विकास कोषका पूर्व उपाध्यक्ष भिक्षु अश्वघोष औंल्याउनु हुन्छ ।

शाक्यमुनी बुद्धले बोधीज्ञान प्राप्त गर्नुभएको बुद्धगयामा नै पैंतालीस एकड जमिनमा सुरु गरिएको उक्त योजनामा स्थापना हुने मैत्रेय बुद्ध मूर्ति पचास तल्ले भवन जति अग्लो हुने अनुमान गरिएको छ ।

त्यही क्षेत्रमा भारतले अन्तर्राष्ट्रिय विमानस्थलको निर्माणकार्य अघि बढाइसकेको थाहा भएको छ ।

वि.सं. २०५४ कात्तिकमा तत्कालीन सभामुख रामचन्द्र पौडेलको नेतृत्वमा संसदीय सर्वदलीय टोलीले उक्त क्षेत्रको स्थलगत अध्ययन गरेपछि सार्वजनिक गरेको प्रतिवेदनमा पनि लुम्बिनी विकास गुरुयोजनाको कार्यान्वयन गर्दै आर्थिक रुपमा आत्मनिर्भर हुँदै जान तिलौराकोटदेखि रामग्रामसम्मको क्षेत्रलाई बौद्ध क्षेत्र घोषणा गरी बृहत्तर लुम्बिनी विकास परियोजनाको परिकल्पना अघि सारिएको थियो ।

लुम्बिनी विकासबाट विश्वका तीर्थयात्रीहरूलाई सुविधा मात्र होइन, राष्ट्रकै पर्यटन विकासले पनि भरपर्दो विकास गर्ने भएकोले लुम्बिनी क्षेत्र र वरपरका जनसमुदायलाई समेत विकास कार्यमा सहभागी गराई गुरुयोजनाको कार्यान्वयनमा पहल हुनुपर्ने आवश्यकता महसुस गरिएको छ । ■

*साभार : कान्तिपुर*

*यो पनि जान्न लायकको समाचार हो ... ...*

# देवी रिसाउने डरले बिरामीलाई अस्पताल लगिएन

बर्दिया जिल्लाको धधबार गाविसस्थित डफैया र मेरैया गाउँमा हालै भएको घटनाले अझै पनि गाउँलेहरू देवी र भुतवा (थारू जातिको देवता) को डरले अस्पताल नगएर अकाल ज्यान गुमाइरहेका छन् ।

धधबार गाविस डफैया गाउँका ३ वर्षीय बालक टीकाराम चौधरी गत केही दिनदेखि दादुराबाट पीडित थिए । तर, उनका बाबुआमाले भुतवा लागेको भनी अस्पताल लगेनन् र बालक चौधरीले आफ्नै अभिभावकको अन्धविश्वासका कारण उपचार नपाई गत आइतबार ज्यान गुमाउनुपर्‍यो ।

सोही गाविसको मेरैया गाउँमा पनि ६-७ जना बिरामी परेका छन् । तर, देवी रिसाउने डरले बिरामीलाई अस्पताल लगिँदैन । सोही गाउँका ठग्लुलाल चौधरी भने त्यसलाई मान्न तयार छैनन् । नेपाल समाचारपत्रलाई उनले भने- 'अस्पताल लगेर देवी रिसाउँछन् र ? म त आफ्नो छोरालाई जसरी पनि अस्पतालमा उचार गराउन लैजान्छु ।'

उनले आफ्नो २ वर्षीय छोरा रामकुमारलाई नेपालजञ्जस्थित नर्सिङ्ग होममा उपचार गराउन लगेका छन् । उनलाई देवी रिसाउने डरले आफ्नो छोरो गुमाउनु छैन ।

दादुराले सो गाविसका गाउँहरू प्रभावित भएको सम्बन्धमा जिल्ला स्वास्थ्य कार्यालयमा सम्पर्क गर्दा यहाँका एकजना कर्मचारीले यस सम्बन्धमा सम्बन्धित स्वास्थ्य चौकीबाट कुनै रिपोर्ट नआएको बताए । सो ठाउँबाट करिब ३ किमीको दूरीमा बैदी उपस्वास्थ्य चौकी रहेको छ ।

'जबसम्म स्वास्थ्य शिक्षा र जनचेतनामा जोड दिइँदैन तबसम्म अन्धविश्वासका कारण ज्यान गुमाउनुपर्ने अवस्था रहिरहन्छ'-गुलरिया नपा वडा नं. ८ का नरेश चौधरीले नेपाल समाचारपत्रलाई बताए । ■

*साभार : नेपाल समाचारपत्र*



Downloaded from http://www.dhamma.digital

धम्मपद

# (१) यमकवग्गो

✍ आशारत्न शाक्य

मनोपुब्बङ्गमा धम्मा- मनोसेट्ठा मनोमया ।
मनसा चे पदुट्ठेन- भासति वा करोति वा ।
ततो नं दुक्खमन्वेति-चक्कं व वहतो पदं ।।१।।

**अर्थः** मनको धर्म हो जुनसुकै काममा पनि अगुवा हुनु, औ मन मुख्य भएर जताततै पुगेको हुन्छ । त्यसकारण अशुद्ध मन भएर कसैले बोल्यो वा गर्यो भने बयलको पछि पछि गाडाको पांग्रा आए झैं दु:ख पछि लागेर आउँछ ।।१।।

**व्याख्याः** मनको स्वभाव हो, जुनसुकै काममा पनि अगुवा हुनु, जहाँ गए पनि, जुनसुकै काम गरे पनि, पहिले मननै अगाडि पुग्दछ । मनले नै काम गर्छ, अनि मात्र शरीरले काम गर्दछ ।

जुनसुकै काम थाल्नु भन्दा पहिले, चिन्तन मनन गर्छ । अनि मात्र काम शुरू गर्छ । चिन्तन मनन नगरीकन कसैले पनि काम शुरु गर्दैन । चाहे त्यो असल काम होस या खराब काम ।

असल काममा पनि मन नै अगुवा हुन्छ । खराब काममा पनि मन नै अगुवा हुन्छ । त्यसैले मन नै मुख्य हो । मन नै नाइके हो । मन पाँच इन्द्रीयहरूको नाइके हो । पाँच इन्द्रीयहरू पनि यसैको अधिनमा छन् ।

खान मन लागे खान्छ । खान मन नलागे खाँदैन । हेर्न मन लागे हेर्छ । हेर्न मन नलागे हेर्दैन । सुन्न मन लागे सुन्छ । सुन्न मन नलागे सुन्दैन । काम गर्न मन लागे काम गर्छ । काम गर्न मन नलागे काम गर्दैन । त्यसैले मन नै मुख्य हो । मनलाई नै नियन्त्रण गर्न सक्ने शान्ति हुन्छ ।

मनलाई नियन्त्रण गर्न सकेन भने, जंगली जनावरले हामीलाई दु:ख दिए झैं मनले पनि आफूलाई दु:ख दिन्छ । मनलाई नियन्त्रण गर्न सक्यो भने, चटक देखाउने मानिसले जंगली जनावरहरूबाट फाइदा लिए झैं मनबाट हामीले धेरै फाइदा लिन सक्छौं ।

आज्ञाकारी मनले आफूलाई सु:ख शान्ति दिन्छ । चंचल मनले आफूलाई दु:ख दिन्छ । मनरुपि घोडाको लगाम समातेर, आवश्यक ठाउँमा मात्र लाने अभ्यास गर्नु पर्दछ । खराब घोडाले घोडचढीलाई खसाले झैं खराब मनले आफूलाई खसाल्छ । मन अनुसार कर्म गर्छ । कर्म अनुसार फल पाउँछ ।

अशुद्ध मन भएर कसैले बोल्यो वा गर्यो भने बयलको पछि पछि, गाडाको पांग्रा आए झैं, दु:ख पछि लागेर आउँछ । शुद्ध मन भएर कसैले बोल्यो वा गर्यो भने आफ्नो पीछा न छोड्ने छायाँ आए झैं सुख, शान्ति पछि लागेर आउँछ । यसैले सधैं मनलाई शुद्ध र सफा राख्ने अभ्यास गरौं, हामीले । ■

## दु:खको संसार

✍ रामभक्त प्रधान

दु:खै दु:खले भरेको संसार
छोरा छोरी भएर दु:खको संसार
धर्म नभएर सुख छैन संसार
जन्म जन्मै दु:खको संसार

हामीलाई धन भएर दु:खको संसार
हामीलाई घर भएर दु:खको संसार
हामीलाई खेत भएर दु:खको संसार
धर्म नभएकोले जहाँ पनि दु:खै संसार

हामीले रोजे दु:ख पाउँ भनी सोचेछ
कर्ममा भई अरू रोजे काहाँबाट हुने
घर भए पनि सुख हुने छैन दु:खै हुन्छ
छोरा छोरी भए पनि सुख छैन दु:खै हुन्छ

आफूलाई घाउ लागेछ भने आफै रून्छ
अरूलाई घाउ लागेछ भने आफू हाँस्नेछ
आफ्नो मात्र दु:ख भोगेको कुरा सुनाउँछ
अरूको दु:खको कुरा सुन्ने कोही नहुने

# आफूदेखि आफैं दिक्क छु

✍ भिक्षु अश्वघोष

आजभोलि बुद्धको एउटा उपदेश या अर्ति खूब सम्भना हुन्छ। त्यो हो - अरूलाई उपदेश दिनु छ भने पहिले आफैं त्यस्तो बनिदिनु राम्रो हुन्छ। आफूलाई अनुशासित गर्नुपर्दछ। आफूलाई तालिम गर्नु नै ज्यादै गाह्रो कार्य हो।

यो बुद्धको शिक्षा सम्भना आउँदा कहिलेकहिले आत्मग्लानि पनि हुन्छ। हरेक क्षेत्रमा आफूले ढंग पुऱ्याएर काम गर्न नसकेकोले यस्तो सम्भना आइरहेको हो।

आजभोलि प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला, पूर्वप्रधानमन्त्री कृष्णप्रसाद भट्टराई र पूर्व प्रधानमन्त्री शेरबहादुर देउवादेखि दिक्क हुनुहुन्छ भने पूर्व प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई गिरिजाप्रसाद कोइरालादेखि दिक्क हुनुहुन्छ।

त्यस्तै नेकपा (माले) एमालेदेखि दिक्क छ भने नेकपा (एमाले) मालेदेखि दिक्क छ। म चाहिं आफूदेखि आफैं दिक्क छु। हुन त दिक्क नभएका मानिस खोज्न सजिलो छैन। शायद दिक्क नहुनेहरू त महापुरूष मात्र होलान् कि। हुन त बुद्धजीवनी पढ्दाखेरि गौतम बुद्ध पनि दिक्क हुनु भएको आभास पाइन्छ। सिद्धार्थ बुद्ध हुने बित्तिकै आफूले प्राप्त गरेको ज्ञान प्रचार गर्ने विचार गर्नुभएको थियो। अधिकांश मानिसहरू भक्तिमार्गी मात्र होइन, महत्वाकांक्षी, धेरै स्वार्थी छन् र त्यस्ता मानिसहरूलाई निस्वार्थी ज्ञानमार्गको उपदेश दिनु व्यर्थै हुन्छ भन्ने सोच्नुहुन्थ्यो। धर्म प्रचार गर्नु भएपछि धेरै वहाँको संघमा भिक्षु बन्न आउन पुगे। पछि भिक्षुहरूमा सानो नियमको बारे भगडा हुनथाल्यो। बुद्धले भगडालु भिक्षुहरूलाई भगडा नगर्नू भनी सम्भाउनु भयो। तर भगडालु भिक्षुहरूले बुद्धको अर्तिलाई मानेनन। अट्टेरी र मिचाहा स्वभाव देखेर दिक्क लागेर बुद्ध जंगलमा जानु भयो। तर तुरून्तै गौतम बुद्धमा होश आयो र आफ्नो मनस्थितिलाई काबुमा राखी आफूले आफूलाई अर्ति दिई दिक्क मनलाई ठीक पार्नुभयो। अनि बोध भएको महापुरूष बन्नुभयो। हामी चाहिं अरूलाई मात्र अर्ति दिन सिपालु छौं, आफू चाहिं विद्वान उपदेशक र नेता बन्छौं। यो ठूलो कमजोरी हो।

पैसावाल पनि दिक्क छन्, पैसा नभएका पनि दिक्क छन्। तर पैसावालको दिक्क र पैसा नभएकाको दिक्कमा फरक छ। दिक्क हुनुपर्ने कारण दुईवटा छन्- एक त आफू नै ठीक छैन। अर्को कारण चाहिं बाहिरको खराब वातावरण अथवा आफूसँगै आश्रय लिइरहेकाहरू ठीक नभएकाले र अविश्वासपात्र भएकाले।

आफूदेखि आफैं दिक्क भएको लेख्न लागेको त अरू अरू दिक्क भएको कुरो मात्र चर्चा हुन थाल्यो। यो पनि दिक्क मान्नुपर्ने एउटा विषय हो।

म आफूदेखि आफै किन दिक्क भइरहेको छु ? म एक भिक्षु, अरूलाई उपदेश दिने मान्छे। कथा भन्दाखेरि र लेख लेख्दाखेरि धेरैजसो शान्तिको लागि सहनशिलता हुनु जरूरी छ र राम्रो हो भन्ने गर्दछु।

सन्तुष्ट हुनु भन् राम्रो हो। रिस नगर्नु औषधि नै हो। यस्तो उपदेश दिन खूब सजिलो छ, तर आफूलाई अप्ठ्यारो परेको खण्डमा अरूलाई दिएको अर्ति बिर्सिंदो रहेछ। अर्को कुरा प्रियवचन बोलेको सबैलाई मनपर्छ। तर आफ्नो मनभित्र लुकिराखेको रिसचाहिं कम हुँदैन रहेछ। कहिले कहिले महसूस हुन्छ- भिक्षु, साधु र मन्त्रीहरूको भाषण सुगा रटाइ जस्तो मात्र हो कि!

एकदिन कक्षाको कालोपाटीमा ठूलो अक्षरले चेलाहरूले लेखिराखेको रहेछ "भोक्किएर कुरा गर्नु पनि पतनको कारण हो।" त्यो देख्नासाथै मेरो मुख रातो हुन थाल्यो। मतलब रिस उठ्यो। आफ्नो आङ गह्रौं भएको महसूस भयो। अनि घुरेर विचार गरें। त्यो मलाई नै व्यंग्य गरेर लेखिएको जस्तो लाग्यो। भोक्किएर कुरा गर्नुपर्ने स्थितिको सिर्जना अरूले किन गर्नु पर्ने ? कारण विना रिसाउनु पर्दैन क्यारे।

बोर्डमा लेखिएको मुनि मैले यसरी लेखें-

क. गर्नुपर्ने काम नगरिकन अबेरसम्म सुतिरहनु पनि पतनको कारण हो।

ख. आफूले गर्नुपर्ने काम नगरी अल्छी बन्नु र अरूको दोष खोज्नु पनि पतनको कारण हो।

यत्ति लेखिसकेपछि बुद्धवचन सम्भना आयो। **नही वेरेन वेरानी सम्मन्तीध कुदाचनं** अर्थात् वैरभावले वैर शान्ति हुँदैन, मैत्रीभावले नै शान्ति हुन्छ।



Downloaded from http://www.dhamma.digital

बुद्धको वचन शतप्रतिशत सत्य हो। तर आफूलाई चित्त दुख्ने गरी कसैले भनेको कुरा बिर्सन गाह्रो हुने रहेछ। बिर्सन सके खूब आनन्द महसूस हुन्छ। बिर्सन नसकेको खण्डमा आफूदेखि आफैं दिक्क भइन्छ।

उपदेश दिने बेलामा मैत्रीपूर्वक कुरा गर्नु र प्रियवचन बोल्नु राम्रो हुन्छ। बारम्बार दोहोऱ्याई भन्ने तर आफूसँगै बसिरहने अट्टेरीहरूसँग कुरा गर्दाखेरि नरम बोली बोल्नु र मैत्री चित्तले बोल्ने बानी हुँदैन। अनि आफूदेखि आफैं दिक्क भइन्छ।

उपदेश दिने बेला चालनी बुद्धि भएर भएन, नांग्लो बुद्धि चाहियो भनेर अर्ति दिने तर आफूमा चालनी बुद्धि बाँकी रहेको देख्दा आफूदेखि आफैं दिक्क हुन्छु। यहाँ चालनी बुद्धि भनेको राम्रो जति फालेर काम नलाग्ने मात्र जम्मा गर्ने बानी भनेको हो। नांग्लोको काम हो नराम्रो जति फाल्ने राम्रो जति जम्मा गर्ने। नांग्लो बुद्धि भएको मानिसले अर्काको गल्ती मात्र खोज्ने काम गर्दैन। आजभोलि धेरैजनासँग बुद्धि बिलासिताको लक्षण देखापरेको छ। अर्थात् **परोपदेशे पाण्डित्यम्** भन्ने उखान चरितार्थ भएको देखिन्छ।

लेख लेख्ने बेला टेबलमा चियाको कप र चाउचाउ राख्ने गर्दछु। तर लेख्न थाल्दा खान बिर्सिन्छु। कहिले काहीं हातले ठोकेर पोखिन्छ। कहिले कहिले चिसो हुन्छ। अनि आफ्नै ढंग नभएकोले म आफूदेखि आफैं दिक्क हुन्छु। ■

## पञ्चशील गीत

✍ कुमुद श्रेष्ठ, टक्सार-५

**हो पञ्चशील पालन गरी अब बुद्धको अनुयायी बन**
**बुद्धलाई हामी वन्दना गरौं मन शुद्ध पार्नलाई**
**बुद्धलाई भेट्न मन्दिरमा गई पूजाले पुग्दैन**
**प्राणी हिंसा गर्दिन भनि नगर पाप कर्म**
**बुद्ध को बाटो लाग्नलाई भन्छु चोरी काम गर्दिन**
**पालन गर बुद्धको वचन सुनेर पुग्दैन**
**मन्दिरमा हैन चैत्यमा हैन म भन्छु मन भित्र**
**बुद्धको दर्शन गर्नु छ भने खोज है मन भित्र**
**असत्य कुरा नगरी भन्छु भ्रष्टाचार गर्दिन**
**पालन गऱ्यौ बुद्धको वाणी शान्ति छ संसार**
**सुरापान छोडौं एकसाथ भनौं जय जय बुद्ध**
**जय जय बुद्ध जय जय बुद्ध**

# मारूत जातक

✍ **प्रकाश बज्राचार्य**

विवाद गर्नलाई एक विषय चाहिन्छ। विषय चाहे जस्तोसुकै होस्, विवाद गर्न सकिन्छ। विवाद गर्नलाई जान्ने बुझ्ने हुनुपर्ने खाँचो छैन। ठाउँ हेरेर विवाद गर्नुपर्छ भन्ने कडा नियम पनि छैन्। अवसर पारेर विवाद गर्नुपर्छ भन्ने पनि निश्चित छैन। उचित विषयमै विवाद गर्नुपर्छ भन्ने पनि केही छैन। व्यक्ति हेरेर विवाद गर्नुपर्ने कानून पनि छैन। विवाद गर्न रूचाउनेलाई कुनै कुराको खाँचो छैन, उनीहरूलाई चाहिन्छ, विवाद गर्ने एउटा विषय र त्यसैमा विवाद शुरु गर्न थाल्छन्।

ती दुई जन्तु पनि विवाद प्रिय थिए। एक सिंह, अर्को बाघ। दुवै आ-आफ्ना पूर्वाग्रहले ग्रसित। अभिमानले चूर। यस्ता दुई जन्तुहरूको जम्को भएको थियो। विवाद चल्यो। दुबै आ-आफ्ना पक्ष जिताउन कस्सिएका थिए। हार मान्न दुबै चाहन्दैनथे। विवाद चर्को भयो। विवाद लम्कियो।

विवादको विषय थियो- 'जाडो कहिले हुन्छ?" सिंह भन्थे - जाडो शुक्लपक्षमा हुन्छ। बाघ गर्जन्थे - जाडो कृष्णपक्षमा हुन्छ। आफ्नै पक्षलाई मात्रै ठीक ठान्थे दुवैले।

धेरै लामो समय विवाद गरिसकेपछि पनि कुनै टुङ्गो लागने। साँझ भइसक्यो। भोक पनि लाग्न थाल्यो। अनि अन्तमा ती दुबैले निर्णयको लागि त्यही वनमा बसिराख्ने एक ऋषिसंग सोध्न जाने निधो गरे। दुबै जन्तुहरू ऋषिकहाँ गई आफ्नो विवाद भन्न गए। सिंहले आफ्नो पक्षमा तर्क दिए, बाघले आफ्नो। दुबैको पक्ष सुनिसके पछि ऋषिले भने- 'जाडो शुक्लपक्षमा मात्र हुने होइन, न त कृष्णपक्षमा मात्र। जाडो त्यतिबेला हुन्छ जब चिसो हावा चल्छ।

दुवै जन्तुहरू जिल्लिए।

★★★

**यो जातक बुद्धले दुई भिक्षुहरूको सन्दर्भमा भन्नुभएको थियो। यसमा ऋषि हुने बोधिसत्व थिए।**

★★★

# सही बुद्धपूजा बारे मन्तव्य

✍ श्यामलाल चित्रकार

श्रद्धेय भन्तेहरू, श्रद्धेय गुरुमाहरूलाई वन्दना
आदरणीय सभापति महोदय,
प्यारा दाजु भाइ दिदी बहिनीहरू ।

आज हामीहरू यहाँ २५४४ औं बुद्ध पूर्णिमा समारोह मनाउन भेला भईराखेका छौं । आज बिहान हामीले बुद्धलाई फुल, अक्षता, फलफुल धुपदीप इत्यादिले पूजा गर्यौं र भक्तिभाव देखायौं । यसरी बुद्धप्रति श्रद्धाभाव जगाउनु श्रेयस्कर छ । यस प्रकारको पूजालाई आमिस (भौतिक) पूजा भनिन्छ । बुद्धप्रतिको साँचिकै पूजा त आफ्नो चित्त र आचरणलाई शुद्ध पार्नु हो । यसरी चित्त र आचरण शुद्ध गरी पूजा गर्नुलाई पत्तिपति पूजा भनिन्छ । बुद्ध पूजा गर्दा पढिने श्लोकहरूमा एउटा पंक्ति छ । जुन यसप्रकार छ :-

**"इमाय धम्मानु धम्म पत्तिपतिया बुद्धं पूजेमी"**

**अर्थः** मैले धर्मानुसार आचरण गरी बुद्धलाई पूजा गर्दछु ।

आजको दिनमा बुद्धको गुण र उपदेशहरू सम्झी आफ्नो चित्त र आचरणलाई शुद्ध पारी सही अर्थमा बुद्धलाई पूजा गर्न सिकौं र बुद्ध जयन्ती मनाऔं यही मेरो प्रार्थना छ ।

बुद्धको गुण व्यक्तित्व र उपदेशहरू बारे यहाँ उपस्थित श्रद्धेय भन्ते र गुरुमांहरूले हामीहरूलाई अर्ति उपदेशहरू दिनु हुने नै छन् । छोटो समयमा मनमा लागेका केही कुराहरू मात्र यहाँ समक्ष निवेदन गर्न चाहन्छु ।

बुद्ध, धर्म र संघ त्रिरत्न हुन् । त्रिरत्नलाई हामीले वन्दना गर्दछौं । वन्दना गर्दा अन्ध भक्तिमात्र देखाउने होइन । त्रिरत्नका गुणहरू स्मरण गरी वन्दना गर्नु पर्दछ । त्रिरत्नका धेरै गुणहरूमध्ये केही गुणहरू मात्र यहाँ स्मरण गर्न गईरहेका छौं ।

शुद्धोधन महाराजका छोरा सिद्धार्थ कुमार जन्मे देखि बुद्ध हुनु भएको होइन । धेरै मेहनत र परिश्रम पछि ३५ वर्षको उमेरमा बोधिज्ञान लाभ गर्नु भई सिद्धार्थ कुमार बुद्ध हुनुभयो । चारवटा आर्य सत्यलाई यथार्थ रूपमा बुझी आफैले प्रत्यक्ष अनुभव गरिसकेकोलाई बुद्ध भनिन्छ । ती चारवटा आर्य सत्य यसप्रकार छन् :

१) दु:ख छ २) दु:खको कारण छ ३) दु:ख हटाउन सकिन्छ ४) दु:ख हटाउने उपाय छ ।

वहाँ भगवान बुद्ध अरहत हुनुहुन्छ । अरहतको अर्थ हो शत्रु नाश गरिसकेको । तर यहाँ शत्रु भन्नाले बाहिरको शत्रु होइन आफूभित्रै रहेको अनेक प्रकारका दुरगुणहरू अर्थात क्लेशहरूलाई भनेका छन् । ती सम्पूर्ण क्लेशहरूलाई जरैदेखि निर्मूल गरिसकेकोलाई अरहत भनिन्छ । अरूले थाहा नपाइने गरी र नदेख्ने गरी पाप गर्ने धेरै छन् मनमनै पाप नसोच्ने मानिस यो जुनीमा छँदैछैन । भगवान बुद्ध यस्तो व्यक्ति हुनुहुन्छ जसले मनमा समेत पाप विचार कहिल्यै ल्याउनु हुन्न । बुद्धको अरहं गुणलाई सम्झी बुद्ध जयन्तीको यस पावन घडीमा केहिहदसम्म भएपनि दुर्गुण घटाउन सक्यौं भनि सदिच्छा जगाऔं र प्रयास जारी राखौं ।

बुद्धको अर्को महत्वपूर्ण गुण हो उहाँ विज्जाचरण सम्पन्नो हुनुहुन्छ । वहाँ यथा वादी तथा कारी र यथा कारी तथा वादी हुनुहुन्छ । उहाँले जे बोल्नु हुन्छ सोहि अनुसार काम गर्नु हुन्छ । हामीहरू जस्तो मुखले एक थोक बोल्ने कामले अर्को थोक गर्ने होइन । हाम्रो सोचाई र बोलाई त आकाश जमीनको फरक छ ।

यहाँ मेरो मन्तव्य दिने क्रममा छोटो समयमा बुद्ध धर्म र संघका सबै गुणहरू वर्णन गर्न सम्भव छैन । मेरो निवेदन यो छ कि अन्धविश्वासलाई स्थान नभएको यो वैज्ञानिक धर्म सबैले अध्ययन र मनन गर्न योग्य छ । एक चोटी पढेर सुनेर हेर्नुस पालन गर्ने नगर्ने तपाईहरू स्वतन्त्र हुनुहुन्छ । कसैलाई पनि करकाप छैन ।

बुद्ध जन्मेको ठाउँ नेपाल एउटा पुण्यभूमि हो । राजधानीको भूभाग यस हाँडीगाउँ क्षेत्र पनि एउटा पुण्य भूमि हो । हामी नेपालीले बुद्धसित हाम्रो पूर्वजको नाता जोड्न पायौं । हामी धन्य छौं । बुद्ध धर्म सुन्न र पढ्न पाएर हामी भाग्यमानी छौं । यस हाँडीगाउँ क्षेत्रमा पनि पहिला पहिला बुद्ध धर्मको खुब प्रचार भएको हुनु पर्दछ । बुद्ध धर्मका अनुयायीहरू धेरै थिए होलान् । त्यतिबेला यसरी प्रचार प्रसार भएको देख्न नसक्ने विरोधिहरू थिए होलान् । बुद्ध र उहाँको अनुयायीहरूलाई गाली गरी ढुङ्गामा कुँडेर शिलास्तम्भ समेत खडा गरियो । त्यो शिलास्तम्भ हाल सम्म सत्यनारायण स्थान, हाँडीगाउँमा सुरक्षीत छ । त्यो शिलास्तम्भ राख्ने व्यक्तिको नाम हो अनुपरम ।

केहि वर्ष यतादेखि हाँडीगाउँमा बुद्ध धर्मप्रति आस्था र श्रद्धा निकै बढेको देखिन्छ । साल सालै विभिन्न कार्यक्रमहरू सहित बुद्ध जयन्ती मनाउछौं । परियत्ति शिक्षाका विद्यार्थीहरू भए । आचरणमा पनि सुधार आएका छन् । हामीहरूको यो उपलब्धि नै भन्नु पर्छ । यसलाई निरन्तरता दिन, विस्तार गर्न, यसलाई अझ बढी टेवा दिई अगाडी बढाउन हामीहरू सबैको दायित्व हो । यस हाँडीगाउँमा ठाउँ ठाउँमा चैत्यहरू छन् तर विहार भने छैन । बुद्ध धर्म सिक्न र सिकाउन एउटा थलोको अत्यन्त आवश्यक महसुस गरिएको छ । गच्छे अनुसार एउटा सानो तिनो विहार भई दिए हुन्छ की भन्ने कुरा सबैको मनमा उब्जेको छ । यसतर्फ यहाँहरू सबैको ध्यान आकर्षणको लागि निवेदन गर्दछु । यस विषयमा वडा अध्यक्षज्यूले पनि आफ्नो मन्तव्य दिनु हुनेछ भन्ने आशा गरेको छु । ■



Downloaded from http://www.dhamma.digital

# चैत्य उद्घाटन - एक झलक

संघरक्षित भिक्षु; संघाराम

चैत्य उद्घाटन हुने भयो । बेनी बजारको केही उचाइको पहाडमा निर्मित बौद्ध चैत्यको उद्घाटन हुने भयो । अहो ! कस्तो आनन्द अनि कति हर्षको कुरा ! हिजो-अस्ति नै मात्र पूज्यपाद आचार्य भिक्षु अश्वघोष महास्थविर भन्तेसंग श्रद्धानन्द भन्तेको साथमा चैत्य-शिलान्यास कार्यक्रममा सरिक भए झैं लाग्छ । उफ् ! समयले फड्को मारिसकेको त चालै पाइनँ । दुई वर्ष नै बित्न लागिसक्यो । दुई वर्ष भित्रमै सुन्दर र आकर्षक चैत्यको निर्माण कार्य परि-समाप्तिका साथै श्रद्धेय संघनायक भिक्षु अनिरूद्ध महास्थविर भन्तेज्यूबाट चैत्यको समुद्घाटन पनि हुने भयो । कति हर्षको कुरा ! प्रफुल्ल-प्रसन्न अहो यो चपल चित्त ! अहो !



*नवनिर्मित चैत्य उद्घाटन पछि पूजा-पाठको दृश्य*

चैत्य उद्घाटन हुने शुभ दिन सुनिश्चित भयो । बैशाख २९, २०५७ को शुभ अवसरमा "म्याग्दी बौद्ध संघ" को सक्रियता एवं "मैत्री संघ, पोखरा" को विशेष सहयोगमा निर्मित चैत्य समुद्घाटन हुने भयो । यसै कार्यक्रममा सरिक हुनकै लागि काठमाडौंको भिक्षुसंघलाई निमन्त्रणा भयो, कार्यक्रममा सहभागिताको आमन्त्रण पठाइयो । यस उसले, श्रद्धेय संघनायक अनिरुद्ध भन्तेका अलावा ५ जना भिक्षुहरू (श्रद्धानन्द, पञ्ञामूर्ति, भद्दिय, धर्मसागर र संघरक्षित) को समूह बसबाट हुइँकिंदै बेनी बजारमा पुगे ।

मनमा बडो हर्षोल्लास अनि जांगरताका साथ, धादिङ्ग बजारमा भएको बौद्ध जागरण शिविरको उद्घाटन कार्यक्रम परिसमाप्ति पश्चात बेनी बजारमा पुगें । चैत्य शिलान्यासकै क्रममा पहिला पनि यस भूमिमा पदार्पण गरिसकेको हुँदा निश्चित गन्तव्य स्थल खोज्न खासै परिश्रम गर्नुपरेन । हेर्दाहेर्दै त्यहां भन्तेहरूको समूह नै एकत्रित हुनपुगे । सन्ध्याकालीन विश्रामको लागि सम्पूर्ण अतिथि महानुभावहरूलाई बजारकै सुविधायुक्त एक होटलमा चांजोपांजो मिलाएका रहेछन् । सांझपख क्षणिक बेनी बजारको अवलोकन एवं सुन्दर प्रकाशपुञ्जको मध्यस्थतामा अवस्थित चैत्यको दृश्यावलोकन पनि गर्‍यौं । तत्पश्चात होटलको गर्भमा समावेश भएका हामी भोलिपल्टको प्रभातकालीन सूर्योदयसंगै बाहिरियौं ।

उपासक पुण्य बहादुर शाक्यको घरमा मिलाइएको बिहानीपखको जल-पान समापन गर्‍यौं । समयको फुर्सदीले एउटा ट्याक्सीकै माध्यमबाट जलेश्वर मन्दिरतिरको भ्रमणमा गयौं । स्थानको रमणीयता र मन-मोहक वातावरणले सम्पूर्ण भन्तेहरू प्राय: हर्षित नै देखिन्थे तथापि आ-आफैमा प्रफुल्ल थिए । करिबन् एकाध घण्टापश्चात् नै नजिकको प्राचीन जस्तो अनुभूति हुने पुरानो बस्तिको परिक्रमासंगै हाम्रो समूह त्यस शान्त हरियाली वातावरणलाई छोडेर पुनरागमन भए ।

हाम्रो यथास्थानमा हामी पुग्यौं । समय भइसकेकोले पनि १५-२० मिनेटको बाटो भएर कार्यक्रम स्थल चैत्यतिर अग्रसर भयौं । बजारको छेउबाटै अटुट एवं लाइनै बौद्ध झण्डाले शोभायमान बनाइएका थिए । २ वर्ष अघिको बाटो र हालको बाटोमा पनि पूर्णतै परिवर्तन भइसकेको रहेछ । अब त, चैत्यको प्रांगण तलसम्मै मोटर बाटोबाट पुग्न सकिन्छ । त्यहां पुग्नलाग्दा मन अझ अत्यधिक प्रफुल्लित भयो । पहाडको मध्यस्थानमा केन्द्रित माथिको सुन्दर चैत्यको मनोरमणीय दृश्यावलोकन त छँदै थियो, साथमा माथि चैत्यसम्मै पुग्न सहायको रूपमा सिमेन्ट गरिएका खुट्किलाहरूको निर्माण पनि भएका रहेछन् । हिंड्नमा, माथि चढेर पुग्नमा ज्यादै सहज-सजिलो थियो तर पनि वृद्धावस्थाको चरमचूलिमा पुगिसकेका संघनायक भन्तेलाई त्यति माथि चढ्नमा पनि हम्मे-हम्मे प्राय:

भएकै थिए । यस उसले पनि, उहाँको हात समाएर, उहांकै छाताले ओढाएर क्रमिक रूपमा बिस्तार-बिस्तारै माथि चढ्यौं, चैत्य प्रांगणमा पुग्यौं ।

अहो ! उफ् ! चैत्यको सुन्दर बनावट एवं चैत्यको वरपरको प्रांगण दृष्टिगत गरेर भित्री हृदयदेखि नै प्रसन्नता अनि प्रफुल्लताको लहर संचार भएको स्वयंले महसुस गरें । बडो आकर्षक र सौन्दर्यताले ओतप्रोत उक्त चैत्यको चारै दिशामा सुन्दर बुद्ध प्रतिमा अवस्थित थिए भने गजूरको पनि विशिष्ट तवरले नै आकर्षण थियो । संक्षिप्तमा समूचा चैत्यकै आकर्षकता तत्कालीन चर्मचक्षुमा कैद विविध, दृश्यावलोकनले झल्काइरहेको थियो । अझ त्यहां वरिपरिको जमिनमा पनि बृहत् पाराले नै परिवर्तन पाएं । शिलान्यासको क्रममा आइपुग्दा त्यहांको जमिनको स्तरमा अस्तव्यस्तता थियो, झाड-झारपात, रुख-बिरुवा आदि थियो, भिरालो पहाड थियो किन्तु अहिले ! भिरालो छेउछाउमा गजबको अनि अजङ्गको जगसहित पर्खालको निर्माण गरेर दुई भागमा जमिनलाई मैदानको रूपमा उभ्याइसकेका थिए । त्यसका अलावा, छेउको चैत्य वरपर फलामे बारले सुसज्जित थिए । पहाडको छातीमा अवस्थित उक्त चैत्य दूर-दूरबाट पनि सहजै दृष्टिगत गर्न सकिन्थ्यो, दर्शन गर्न सकिन्थ्यो । अझ, रात्री भ्यापर लाम्प (फोकस लाइट) को सुव्यवस्थित योजना मिलाइसकेको हुंदा रातको अधंकारमा पनि टाढा-टाढाबाट चैत्यको अनुपम दृश्य बडो रमणीयताका साथ अवलोकन गर्न सकिन्थ्यो, जुन योजनाले चैत्यको विशिष्ट महत्त्व अझ बढी स्पष्ट रूपमै झलक्क झल्काइदिएको छ ।

लगभग साढे ८ को दायांबायांमा चैत्यको उद्घाटन समारोह प्रारम्भ भयो । आमन्त्रित श्रद्धेय भिक्षुसंघ लगायत विशिष्ट-विशिष्ट पदाधिकारी महानुभाव व्यक्तिहरूको आसन ग्रहण भए । तत्पश्चात् श्रद्धेय संघनायक भन्तेद्वारा बौद्धचर्या अनुरूप कार्यक्रमको प्रारम्भ गरियो । म्याग्दी बौद्ध संघद्वारा निर्मित बौद्ध चैत्यको उद्घाटन संघनायक श्रद्धेय अनिरूद्ध भन्तेद्वारा चैत्यमा बेरिएका बौद्ध झण्डा खोल्नुभई सम्पन्न गरियो । मंगलकारी हितमय केही पाठ भिक्षुसंघद्वारा वाचन गरी उद्घाटित चैत्यको तीन चक्कर परिक्रमा पनि भयो । यसै परिक्रमाको क्रममा चैत्यको अगाडी नै प्रतिस्थापन गरिएका शिलापत्र स्पष्ट देखें । गहिरिएर हेर्दा शिलापत्रमा यसानुरूप उल्लेख भएको पाएं-

**नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स**

**पुज्यपिता स्व. तुल बहादुर शाक्य र माताहरूका स्मृतिमा म्याग्दी बेनीका धर्मनारायण सुपुत्र श्री पुण्य बहादुर शाक्य तथा बुहारी श्रीमती लक्ष्मी शाक्यले बौद्ध विहार तथा चैत्य निर्माणार्थ दान दिइएको १ रोपनी जग्गामा बि.सं. २०५५ साल ज्येष्ठ ३० गते श्रद्धेय भिक्षु अश्वघोष महास्थविरज्यूबाट शिलान्यास भै मैत्री संघ, पोखराको विशेष सहयोगमा बेनी बजारका यज्जनलाल शाक्यद्वारा निर्मित यस चैत्यको श्रद्धेय नेपालका जेष्ठ एवं संघनायक भिक्षु अनिरूद्ध महास्थविर ज्यूबाट आजका मिति २०५७ बैशाख २९ गते अष्टमीका दिन समुद्घाटन सुसम्पन्न भयो ।**

त्यसको अलावा पनि, चैत्यको अर्को एक दिशाको भागमा अर्को शिलापत्र पनि देखें । त्यस शिलापत्रमा यसरी अंकित थियो-

निर्माणकालीन "म्याग्दी बौद्ध संघ" का पदाधिकारीहरू-

अध्यक्ष - श्री प्रकाश श्रेष्ठ, उपाध्यक्ष - श्री झपनलाल शाक्य, सचिव-श्री याम शाक्य, सह-सचिव- श्री कुवीर श्रेष्ठ, कोषाध्यक्ष- श्री यज्जनलाल शाक्य, सदस्यहरू- श्री हिक्मत शेरचन, सुभाष श्रेष्ठ, गणेश बजारको शाक्य, सन्त प्रसाद बज्राचार्य, सुदर्शन श्रेष्ठ । (२०५६/५७)

चैत्य उद्घाटनको लगत्तै आमन्त्रित माननीय सांसदज्यूबाट बाटो उद्घाटन कार्य सम्पन्न भयो । यो बाटो चैत्यबाट तलतिरको प्रमुख बाटोसम्म पुग्न सकिन्छ जुन भविलाल सार्किद्वारा निर्मित थियो । तत्नाघरिमै देख्न नसकिएतापनि फर्किने बेलामा बाटोसंगै राखिएका शिलापत्र राम्ररी देखें । यो शिलापत्रमा यसानुरूप अंकित गरिएका थिए-

बाग्लुङ्ग न.पा. वडा नं. ३ निवासी छोरा भविलाल सार्की तथा बुहारी विष्णुमती सार्कीद्वारा रू. २४ हजारको लागतमा निर्मित बौद्ध विहार तथा चैत्य जाने बाटो निर्माण गरिएका छन् ।

अब उपस्थित बृहत जनमानसहरूको साथमा चैत्य परिक्रमा गरी बुद्धपूजा शुभारम्भ भयो । सबैको हात-हातमा श्रद्धाले समर्पण गरिएका विभिन्न फलफूल, धुप-नैवेद्य आदिका थालहरू निरन्तर चलायमान थिए । टन्टलापुर घाममा पनि श्रद्धाले विभोर धर्मप्रेमी शान्तिप्रिय सम्पूर्ण उपासकोपासिकाहरू धैर्यशील नै देखिन्थे, सन्तोषी एवं आनन्दित नै देखिन्थे । महान् बुद्धपूजाको समाप्तिपश्चात् भिक्षु महासंघका प्रतिनिधि संघनायक भन्ते लगायत भिक्षुसंघबाट पवित्र परित्राण गुञ्जायमान भयो, यसको लगत्तै केही धर्मदेशना हुनु थियो तर गर्ने कसले ? अनिश्चित प्राय: थियो ।



Downloaded from http://www.dhamma.digital

भिक्षुहरूको तर्फबाट प्रमुखताको भार वहन गर्नुभएका श्रद्धेय पञ्ञामूर्ति भन्तेले उक्त धर्मदेशनाको जिम्मेवारी मलाई सुम्पिनु भयो । ठट्टामा मात्र भनेका होलान् भनी सहजै इन्कारी गरें । किनकि त्यहां स्वयं संघनायक भन्ते लगायत धर्मकथिक भन्तेहरूका पनि कमी थिएनन् । उपस्थित भिक्षुहरू मध्यस्थमा पनि आफू त सबैभन्दा कान्छो नै थिएं । मलाई जिम्मा दिन सक्ने त प्रश्नै आउँदैनथ्यो । किन्तु मेरो अस्विकृतिको बदलामा उहांले जुन वचन प्रकाश गर्नुभयो, त्यसबाट मेरो मस्तिक नै झन्झनायो, हृदय कम्प भयो, मर्माहतमै सही किन्तु आफ्नो प्रव्रजित जीवनको उद्देश्य निर्देशन गरायो । मौन भएं । आफ्नै निश्चित आशनमा खुरुक्क बसें र बसिरहें । त्यसपश्चात् पनि पुन: मलाई नै प्रवचनको लागि भन्नुभयो । अब मैले अस्विकार जनाइन, ख्याल-ठट्टा पनि सम्झिन । यसरी ४० मिनेटको लगभग शील-सदाचार, बुद्ध-वन्दना, पवित्र परित्राण पाठ आदिका साथ अष्टपरिष्कारको विषय लिएर प्रवचन गरें, बुद्धउपदेशित धर्मोपदेश सुनाएं । मनमा असजिलो एवं नैराष्यता भएपनि, नैराष्यताले किञ्चित् छोपिएता पनि प्रवचन समाप्त भयो, राम्ररी नै समापन गरे झैं आफैंले महसुस गरें । यसको लगत्तै अष्टपरिष्कार तथा श्रद्धावान् उपस्थित उपासक-उपासिकाहरूबाट तत्काल समयमा भएका भिक्षुसंघलाई दान प्रदान कार्यक्रम भयो । दान दिनेहरूको भीड थियो किन्तु धैर्यशील भएर विस्तारै क्रमिकरूपमा सुसम्पन्न भयो । यसैसाथ भोजनको बेला पनि भइहाल्यो र हामी व्यवस्थित माथिको चौरमा भोजनको लागि प्रस्थान गर्‍यौं ।

श्रद्धेय भन्तेहरूको भजन भयो । उपस्थित उपासक र उपासिकाहरूको पनि कार्यक्रमानुसार भोजन गरायो । भोजन समाप्तिपश्चात् बाग्लुङबाट सहभागी श्रद्धालुजनहरूबाट बौद्ध भजन पनि राम्रै भयो । भजनपश्चात् श्रद्धेय पञ्ञामूर्ति भन्तेबाट चैत्यको विषयमा प्रवचन भयो । म्याग्दी बौद्ध संघका अध्यक्ष प्रकाश श्रेष्ठबाट चैत्य निर्माण सम्बन्धि इतिहासै स्पष्टत: पल्टाएर सहयोगी सम्पूर्ण श्रद्धालुहरूलाई धन्यवाद एवं हार्दिक साधुवाद पनि आफ्नो र संघको तर्फबाट अभिव्यक्त गर्नुभयो । अन्तमा बौद्ध चर्या अनुरूप समस्त उपस्थित व्यक्तिहरूबाट पाली गाथाद्वारा पुण्यानुमोदन पनि सम्पन्न भयो । यसरी औपचारिक तवरबाट बौद्ध चैत्य समुद्घाटन समारोह समापन भएको घोषणा भयो ।

वास्तवमा, २०५५ जेठ ३० गतेको अवसरमा पुज्यपाद भिक्षु अश्वघोष महास्थविरबाट शिलान्यास भएको उक्त अवसरमा म लगायत पोखराका श्रद्धानन्द भन्ते र अनगारिकाको पनि उपस्थिति थियो । त्यसपश्चात् चैत्य निर्माणका प्रमुख उद्देश्य संगालेर संघर्षशील म्याग्दी बौद्ध संघले २ वर्षकै अन्तरालमा चैत्य निर्माणकार्य सुसम्पन्न गरीवरी श्रद्धेय संघनायक भन्तेद्वारा उद्घाटन पनि समापन गरिछाड्यो । प्रमुखत: यस चैत्य निर्माणमा यज्जनलाल शाक्यले झण्डै डेढ लाखको लागतमा चैत्य निर्माण गरेका थिए । ज्ञात भए अनुसार, चैत्यको सुन्दर एवं आकर्षक डिजाइन भने मैत्री संघ, पोखराका अध्यक्ष विश्व शाक्यबाट भएका थिए । चैत्यको शीरमा सुसज्जित गजूर पनि मैत्री संघ, पोखराबाटै प्रदान गरिएका थिए । चैत्यको चारै दिशामा शोभायमान ४ वटा बुद्धमूर्तिहरू एउटै परिवारका सासू-बुहारी र ज्वाइँ (सेतुली शाक्य, शान्तमाया, वलु, सेमराज शाक्य) बाट अनुदान प्राप्त भएका थिए । चैत्य वरिपरि सजिएका भ्यापरलाम्पको (फोकस लाइट) बत्ति यज्जनलाल शाक्यबाट निर्माण भएका थिए भने भविलालबाट तलतिरको बाटो निर्माण भएको थियो । त्यस्तै नरबहादुर थापाद्वारा कम्पाउण्ड गेट बनाएका थिए त चैत्यमाथिको बाटो रामकृष्ण घिमिरेद्वारा निर्माणाधीन अवस्थामा रहेका छन् । अझ हर्ष र सुखको कुरा त यो छ कि निकट भविष्यमा नै विहार बनाउन समेत श्रद्धालुहरू भइसकेका र अझ थप हुन सक्ने हुंदा बुद्धशासनको जरो पनि लगभग गाडिने पनि भयो ।

बौद्ध जागरणको चरमविन्दुमा छन्- म्याग्दी । आफ्नो पवित्र श्रद्धालाई अभिबृद्धि गर्दैछन्- बेनी । बुद्धको वास्तविक शिक्षालाई पहिचान गर्दैछन्- कालीगण्डकीको सेरोफेरो । यसका ज्वलन्त र अनुपम प्रतिफल सहित बौद्ध चैत्य निर्माण कार्य हालै मात्र सम्पन्न भएर उद्घाटन पनि समापन भइसकेका छन् । अझ विहार पनि बन्ने दृढ विश्वस्तमा तिनीहरू पुगिसकेका छन् । यसानुरूप मानव चेतनाको जगेर्ना र उत्प्रेरणा भइरहेको तथापि बौद्ध मात्रमा जागरण भइरहेको थलोमा समस्त श्रद्धालुजनहरू लगायत् बुद्धका शुद्ध अनुयायीहरूको विशेष ध्यान पुग्नुपर्ने समयको तङ्कारो माग हो, बुद्धशासनको संरक्षण र सम्बर्द्धन तथा विकासको संरक्षण र सम्बर्द्धन तथा विकासको परम आवश्यकता हो । अस्तु ।

(भोजपुर-टक्सार, जेष्ठ ४, २०५७)

■

# गहना बेचेर अनाथाश्रम चलाउने 'आमा'

✍ खिमप्रसाद घले

अनाथ बालबालिकाहरूलाई गहना बेचेर पालनपोषण गर्ने आमाहरू पनि हुँदा रहेछन् भन्ने उदाहरण भैंसेपाटी, सैंबु निवासी श्रीमती रीता राईले दिएकी छिन् । मध्यम वर्गीय परिवारमा जन्मेकी श्रीमती राईले कहिल्यै अभावको अनुभव गर्न नपरे पनि सानैदेखि उनमा अरूको दुःख देख्न नसक्ने भइन् । यही कारणले गर्दा उनी अहिले आफ्ना दुई छोराका साथै १९ जना अनाथ बालबालिकाकी आमा बन्न पुगेकी छिन् । यस काममा उनका पति इलेक्ट्रिक इन्जिनियर निर्मलचन्द्र राईको सहयोग छ । 'हामीले यी बालबालिकाहरूलाई आत्मनिर्भर बनाउने संकल्प गरेका छौं - राई दम्पतीले कान्तिपुरलाई बताए ।

राई दम्पतीले खोलेको अनाथ बालबाटिका संघमा तीनदेखि १५ वर्षसम्मका बालबालिकाहरू आश्रय लिइरहेका छन् । तर संस्थामा कामदार कर्मचारी भने छैनन् । बारी गोडमेल गर्ने देखि साना बालबच्चाहरूको स्याहार सुसारसम्म ठूला बालबालिकाहरूको सहायतामा श्रीमती राई आफै गर्छिन् । श्रीमती राई आफ्नो मनमा दुखीहरूप्रति संवेदना सानैदेखि रहे पनि आजभन्दा ११ वर्ष अघि चितवनको थापा गाउँ पुग्दा त्यहाँको कमैया बालबच्चाहरूको अवस्था देखेर त्यो संवेदनाले निश्चित आकार लिन पुगेको बताउँछिन् । उनी भन्छिन् 'त्यसपछि मैले केही गर्नुपर्छ भन्ने दह्रो अठोट गरें ।"

उनी २०५५ साल मंसिरमा ७ जना बालबालिका लिएर अनाथ बालबाटिका संघको दर्ता गरी विधिवत् रुपमा समाज सेवामा सामेल भइन् । हाल यस आश्रममा बस्ने १० जना बालिका र ९ जना बालकहरू छन् । १५ जना बालबालिकाहरू दीपकुञ्ज अंग्रेजी माध्यमिक विद्यालय, भैंसेपाटीमा पढिरहेका छन्, भने अन्य चारजना १५ वर्षका बालिकाहरू आश्रममा नै श्रीमती राईसँग मोजा, स्वीटर, पञ्जा बुन्ने सीपदेखि लिएर गीत-संगीत समेत सिक्छन् ।

राई दम्पतीले अनाथालय संचालन गर्न थालेपछि धेरैको सक्कली अनुहार देखेको बताउँछन् । आफ्नो छोरा-छोरीलाई अनाथालय ल्याउनेहरूलाई चिन्यौं । हालसम्म संघले त्यस्ता आठजना बालबालिकालाई अभिभावकको जिम्मा लगाइसकेको छ । संघमा रहेका बालबच्चाहरू सबैले गत वैशाखको परीक्षामा ८० प्रतिशतभन्दा बढी अंक ल्याएर परीक्षा उत्तीर्ण भएपछि निकै खुसी लागेको राई दम्पती बताउँछन् । सबैभन्दा दुःख यही असार २ गते २० दिनको बालकको मृत्यु भएको बेला लाग्यो- श्रीमती राईले बताइन् । दीपकुञ्ज अंग्रेजी माध्यमिक विद्यालयका प्रिन्सिपल विजय निरौला पनि संघमा रहेका बालबालिकाहरूको अनुशासन र पढाइ देखेर छक्क परेका छन् । उनी भन्छन्- 'बालबालिकाहरूमा अनाथ हुन् भन्ने कुनै भाव देखिंदैन' ।

आफूले बनाउने झोल साबुन र विद्युतीय सामानको बेचबिखनबाट संस्था जेनतेन चलिरहेको उनीहरू बताउँछन् । विद्यालयको शुल्क बाहेक कम्तीमा २० देखि २२ हजार रुपैयाँ प्रति महिना खर्च हुने भएकाले आम्दानीले नपुगेर श्रीमती राईले आफ्नो गहनाहरू पनि बेचिसकेको बताइन् । 'संघलाई केही लत्ताकपडा र दुई चारहजार दिने बाहेक कसैले पनि सहयोग गरेका छैनन्, सदस्य तथा स्वयं सेवक वृहस्पति थापा बताउँछन् । आर्थिक संकटकै कारण केही महिनाअघि घर बहाल तिर्न नसक्दा घरबेटीले छोड्न दवाव दिएकाले अहिले बालबच्चाहरूलाई नजिकैको अर्को घरमा सार्नु परेको कटु अनुभव राई दम्पती सुनाउँछन् । सीता भन्छिन्- 'मलाई सबैभन्दा बढी बालबालिकाहरूको चिन्ता छ । कतै आर्थिक कारणले गर्दा पुनः सडकमा फर्केको देख्न नपरोस् । राई परिवारले बालबालिकाहरूलाई विद्यालयमा पढाउनुका साथै गीत, संगित, नृत्य र खेलकूदमा पनि आफ्नो क्षमताले भ्याएसम्म सरिक गराएका छन् । श्रीमती राईले बालबालिकाहरूलाई गीत, संगित र नृत्य सिकाउँछिन् भने उनका १६ वर्षीय छोरा सामान्य खेलकूद सिकाउँछन् । डेढवर्ष अघि कुपोषणको शिकार बनेका अवस्थामा अनाथालयमा आई पुगेका शुसिल मिजारसहित सबै बालबालिकाहरू राई दम्पतीलाई 'आमा' 'बाबा' भनेर बोलाउँछन् । राई दम्पतीकै कारण उनीहरूले नयाँ जीवन पाएका छन् ।

*साभार : कान्तिपुर*



Downloaded from http://www.dhamma.digital

# मैत्रीसंघको छोटो चिनारी

✍ विश्वरत्न शाक्य

वि.सं. २०५२ सालमा नारायणस्थान स्थित मैत्री चैत्यको पुन: निर्माण पछि निर्माण कार्यमा एकजूट भएका युवाशक्तिलाई सद्धर्मको प्रचार प्रसार र प्रतिष्ठानपनको काममा संगठित रुप दिन विधिवत रुपमा वि.सं. २०५३ कार्तिक १५ गते मैत्री संघ, पोखराको स्थापना भयो ।

मैत्री संघका विविध उद्देश्यहरूमा प्रमुख उद्देश्य बुद्ध शिक्षाको व्यावहारिक प्रयोग सद्धर्मको सही पहिचान गर्नु, गराउनु हो । सद्धर्मको सही पहिचान र बुद्ध शिक्षाको व्यावहारिक प्रयोग तब मात्र सम्भव हुन्छ जब मान्छेले आफ्नो अन्तर्मनभित्रको राग द्वेष जनित विकारहरूको सही पहिचान गर्न सक्छ । त्यो पहिचान तब सम्भव हुन्छ जब मानिस विपश्यना साधनामा अभ्यस्त हुन्छ र हर क्षण सचेत, सजग हुन्छ ।

मैत्री संघ, पोखराले आफ्नो स्थापनाकालदेखि गर्दै आइरहेका र गरेका केही महत्वपूर्ण कार्यहरू:-

१. **कठीन उत्सव** : आषाढ पूर्णिमादेखि आश्विन पूर्णिमासम्म ३ महिना एउटै विहारमा अधिस्थानपूर्वक बस्ने भिक्षुहरूको सम्मानमा गरिने एक प्रकारको बौद्ध उत्सव ।

२. बुद्ध शिक्षामा आधारित एक हप्ते प्रशिक्षण, प्रशिक्षक-भिक्षु विशुद्धानन्द

३. म्याग्दी बेनीमा म्याग्दी बौद्ध संघ र गोरखामा 'गोरखा बौद्ध समूह' नामक बौद्ध संस्था स्थापनामा सक्रिय भूमिका ।

४. श्रद्देय भिक्षु अश्वघोष महास्थविरज्यूबाट संघको दोस्रो वार्षिक उत्सव कार्यक्रममा 'बुद्ध धर्म र बौद्धहरू शीर्षकमा धर्मदेशना ।

५. पुराना साधकहरूका लागि विगत ४ वर्षदेखि प्रत्येक शनिवार विहान ७:०० बजेदेखि ८:०० बजेसम्म सामूहिक ध्यान कार्यक्रम सञ्चालित ।

६. विगत ३ वर्षदेखि मैत्री शिक्षा समूहका ४०/५० जना बाल-बालिकाहरूलाई विहान ध्यान भावनाको नि:शुल्क पठन-पाठन ।

७. लुम्बिनीमा मारिएका जापानी भिक्षु स्व. नावतामेको ४५ औं पुण्य तिथिमा गुणस्मरण सभा ।

८. सेतो गुराँस स्कूल भवन मर्मत सम्भार ।

९. पुस्तक प्रकाशन : विश्व शाक्यका 'सन्दर्भ प्रसङ्ग' र बालोपयोगी पुस्तक 'ज्ञानगुनका कुरा' का साथै ललितरत्न शाक्यद्वारा अनुदित 'बुद्ध जीवन र दर्शन' पुस्तक प्रकाशित ।

१०. राष्ट्रिय बाल दिवसको उपलक्ष्यमा बाल कविता वाचन-२०५६ ।

११. २५४३ औं बुद्ध पूर्णिमाका अवसरमा बाल-बालिकाबाट पोखरा सब स्टेशनबाट रेडियो कार्यक्रम प्रस्तुती ।

१२. पुराना विपश्यना साधकहरूको लागि विगत ३ वर्षदेखि प्रत्येक वर्ष एक दिवसीय विपश्यना ध्यान शिविर सञ्चालन ।

१३. वरिष्ठ विपश्यना सहायक आचार्य लक्ष्मीनारायण राठी र एन. ओ. पाटीलसँग पोखरामा विपश्यना साधकहरूसँग भेटघाट-२०५५

१४. बालबालिकाहरूलाई आठ दिवसीय योगाभ्यास प्रशिक्षण, प्रशिक्षक-रविन्द्र माकाज्यू ।

१५. म्याग्दी बेनीमा बौद्ध चैत्य तथा विहार निर्माणार्थ जग्गादान कार्यक्रमदेखि चैत्य निर्माण र समुद्घाटन कार्यक्रमसम्म सक्रिय सहभागिता ।

१६. म्याग्दी बेनीमा निर्मित बौद्ध चैत्यलाई संघले पित्तलको गजूर उपलब्ध गराउनुका साथै पोखरेली उपासक-उपासिकाहरूको मैत्रीपूर्ण सहयोगमा चैत्यमा स्थापित चारवटा तामाका बुद्ध मूर्ति र केही आर्थिक सहयोग ।

१७. गोरखामा भएको २५४३ औं बुद्ध पूर्णिमाको अवसरमा मैत्री संघको तर्फबाट सहभागिताका साथै आषाढ पूर्णिमामा भएको जग्गादानमा सक्रिय भूमिका ।

१८. लायन्स क्लब अफ अन्नपूर्णको हार्दिकतामा Institute of Technical Education Bisan Singapore को सहयोगमा वि.सं. २०५४ र २०५५ मा केटा-केटीहरूको लागि प्राप्त लत्ताकपडा, खेलकूद र शैक्षिक सामग्रीहरू बालबालिकाहरूलाई वितरण ।

१९. रोटरी क्लब पोखराको हार्दिकतापूर्ण सहयोगमा वि.सं. २०५६ बाट बालबालिकाहरूलाई ३/४ महिनाको अन्तरालमा नि:शुल्क स्वास्थ्य परिक्षण तथा औषधि वितरण ।

२०. विगत सालदेखि मैत्रीसंघ, कुमुदिनी होम्स र सिविन, पोखराको संयुक्त प्रयासमा असहाय र गरीब बालबालिकाहरूका लागि बाल शिक्षा तथा चेतना कक्षा सञ्चालन । जसबाट गत साल ८ जना बालबालिकालाई आवासीय विद्यालयहरूमा भर्ना । यो वर्ष १३ जना बालबालिकाहरूलाई नि:शुल्क पठनपाठनमा सहयोग ।

२१. मैत्री शिक्षा समूहका बालकहरू लायन्स क्लबबाट आयोजित तत्स्थानीय चित्रकला प्रतियोगितामा सहभागी तथा पुरस्कृत । ■

# शान्तिवादी बन तिमी

✍ होम कुमार श्रेष्ठ
कक्षाः १०, रोल नं. १, यशोधरा, मा.वि. टक्सार

देशप्रेम र भ्रातृत्व बोकेर शान्ति आएको छ ।
राष्ट्रियताको गौरब बोकेर एक इतिहासले छाएको छ ।
वीरत्व र शोषण हटेर नौलो युग जागेको छ ।
अन्धकार र अन्याय विलाएर उज्यालो र न्याय चम्केको छ ।
तर, आज देशमा शान्ति छैन, किनकि
मार्नेले मानिस मारेका छन्, मर्नेहरु चिटचिटी भएका छन् ।
कैयौं जन्तुहरु शिकारमा परिणत भएका छन् ।
भ्रष्टाचार र अन्यायको दिनानु वृद्धि भएको छ ।
धनीले धनको घमण्ड विर्सेका छैनन्
गरीबले दास र शोषनबाट मुक्त पाएका छैनन् ।
एक समयमा चम्केका प्राणीहरु एउटै हत्केलामा परेर मरेका छन् ।
सुन्दर पलले क्रान्ति जगाएको छ;
आँधिवेरीले लडाईंको आह्वान गरेको छ ।
पिछडिएका नरले बन्दुक र गोलीको शिकार बन्नुपर्‍या छ ।
आपसी मित्रता होइन वैमनस्यता उत्पन्न भएको छ ।
मित्रको अनुसरण होइन शत्रु पहिल्याएको छ ।
आफ्नो भविश्यवाणी निश्चित गर्न पाइएको छैन
आज मरिने कि भोलि भनेर ।
कालले होइनु, क्रान्ति र तत्पीडनले ।
आज त शान्तिको आवाज घन्काउनेलाई खुकुरी र
गोलीको शिकार बन्नुपर्‍या छ ।
मानवाधिकार भनेर मान्छे आफैमा आफै घमण्ड गरेको छ ।
जबकि,
जंगलमा एउटा सिहंले सबै प्राणीलाई खान्छ,
ती शोषित प्राणीले शान्ति खोज्न कहाँ जानु ?
कित पानीमा डुबी मर्नु, कि कसैको आहार बनिनुपर्छ ।
क्रान्तिले शान्तिमाथि विजय गरेको छ, चोरेको छ
र आक्रमण उतार चढाव गरेको छ
तर तिमी आफूलाई गर्व गरी शान्तिवादी
भनी अनावश्यक हिंड्छौ भने ।
गोलीगठ्ठा लिएर हिंडेका शत्रुको आखी बन्छौ भने,
लडाइँमा परी गुहारको वचन स्वीकार्दैनौ भने,
पानीको घुट्का पाउन वाईरहेको मुखको आंखी
बन्छौ भने ।
हमला र आक्रमणलाई अझ विस्तृत बनाउँछौ भने,
चहराईरहेका घाउमा अझ पिरो लगाइदिन्छौ भने,
बाँच्न चाहने, लडाईंमा छटपटाउनेलाई पैतालाले कुल्चेर
हिंडछौ भने,
तिमी शान्तिवादी होइनौ, होइनौ । अनि म
चिन्छु तिमी त निष्ठुरी रहेछौ, कालखोक्रीमा पसेका रहेछौ
पापी रहेछौ, भ्रष्टाचार रहेछौ, स्वार्थी रहेछौ ।
तर यसको सट्टा तिमी,
पशुको मृत्युशैय्यालाई रोक्छौ भने,
लडाईंमा आउने शत्रुलाई मित्रता गाँस्छौ भने,
भोकभोकै प्यास भई मुख बाडीरहने ती,
मृत्युशैय्यामा सुतेका मानिसलाई पानीको घुट्का पिलाउँछौ भने
उसका ती पोलिएका घाउमा मल्हम लगाउछौ भने,
दुःखमा परेका नरको उद्धार गर्छौ भने,
घरभित्रको झगडाको खम्बा भई निशाफ गर्छौ भने,
गोठ, आँगन, पँधेरीमा आवज घन्काउँछौ भने,
मुटुमाथि ढुंगा राखी शान्तिको अनुसरण गर्छौ भने,
अनि म भन्छु,
तिमी साँच्चै शान्तिवादी रहेछौ ।
प्रगतिवादी रहेछौ । शान्तिप्रिय रहेछौ ।
बुद्धको देश सम्झी अघि बढ तिमी,
उनको उपदेश सुनी ज्ञान विस्तार गर तिमी,
प्रत्येक पथमा गुनगान सुनाउ तिमी,
मुग्लान् पसेर होइन, घाममा अनुसरण गर तिमी,
मारको आवाजले होइन जीवनको आवाजले माया गर ।
बसको यात्राबाट होइन तिमी, पैदल यात्रा लिईबढ,
प्रत्येक खोँच र कन्धरामा पुगी ज्ञान विस्तार गर तिमी
साँच्चै सवैको सामु प्रिय पात्र बन तिमी ।
काटमारको विरोध भएर उठ तिमी,
दयाको भावना लिएर अघि वढ तिमी ।
हिंसामा चुकेर होइन,
सत्भावनालाई अंगालेर सही बाटो पहिल्याउ तिमी ।
क्रान्तिलाई अंगालेर होइन
निश्पक्ष शान्तिवादी वन तिमी !
शान्तिवादी बन तिमी ।



Downloaded from http://www.dhamma.digital

# मृत आमाबाबुको काजक्रिया सामाजिक दबाव मात्रै हो त !

✍ **माधव नेपाल**, रूपन्देही

बुटवलमा वैकल्पिक स्वास्थ्य उपचार केन्द्र सञ्चालन गर्दै आउनुभएका डा. डीबी सिंह आफ्नो बाबु मर्दा क्रियामा बस्नु भएनन् न त उहाँले हिन्दू परम्परा अनुसार कपाल नै खौरिनुभयो ।

'बाबु-आमा मर्दा शोकमा गरिने काजक्रिया अत्यन्तै रूढिवादी र काम नलाग्ने संस्कार भएकोले यसलाई त्याग्नुपर्छ भन्ने मान्यता राखेर नै मैले क्रिया नबस्ने निर्णय गरेको हुँ' उहाँ भन्नुहुन्छ ।

डा. सिंहले काजक्रियाको सट्टामा ७५ वर्षमा बित्नुभएका उहाँका बाबुको स्मरणमा राजमार्गको किनार मा ७५ वटा विरूवा लगाउने घोषणा गर्नुभएको छ ।

'परिवार र समाजबाट क्रियामा बस्न र कपाल खौरन दबाव आएको थियो तर मैले क्रिया गरेमा बाबु स्वर्गमा पुग्नु हुन्छ र सुख पाउनु हुन्छ भन्ने कुरामा मलाई कुनै विश्वास छैन, मैले मेरा सन्तानलाई पनि क्रिया नबस्न भनिसकेको छु' उहाँ भन्नु हुन्छ ।

डा. सिंह जस्तै बुटवलमै कार्यरत पत्रकार वसन्त पोखरेलले पनि आफ्नो आमा मर्दा हिन्दू संस्कार र परम्परा अनुसार कुनै काजक्रिया गर्नु भएन । उहाँ भन्नुहुन्छ- 'मरिसकेकी आमाको नाममा मैले यहाँ जति पूजा गरे पनि उहाँले केही पाउनुहुन्न भन्ने ममा विश्वास भएर नै मैले त्यसो गरेको हुँ ।' 'संस्कार तोड्न सहज छैन, केही गर्नका लागि केही सहनै पर्छ' - उहाँको भनाइ छ ।

बाबुआमाको मृत्युपर्यन्त काजक्रिया गरिने हिन्दू धर्मको संस्कारविरूद्ध फाटफुट आवाज र क्रियाकलापहरू देखिन थाले पनि काजक्रियाको संस्कार तोड्न हुन्न भन्ने मान्यता नेपाली समाजमा अझै बलियो नै देखिन्छ । क्रिया नगर्नेलाई समाजले बहिस्कार गरेका उदाहरणहरू पनि प्रशस्तै पाइन्छ ।

रूपन्देही आनन्दवन गाविसका हरिप्रसाद पोखरेलले आफ्नो बाबुको काजक्रिया गर्नु भएन । शुरू-शुरूमा छिमेकीहरूबाट पानीसम्म बार्ने प्रयास भएको थियो, तर क्रमश: छिमेकीहरू उहाँसँग नजिकिदै गए पनि बिहेबारीको सन्दर्भमा अहिले झन्दै १८ वर्ष बितिसक्दा पनि उहाँ प्रत्यक्ष अप्रत्यक्षरूपमा सामाजिक प्रतादनाको शिकार भइरहनुभएको छ ।

छोरीहरूको विवाह गर्ने सन्दर्भमा कुरा चल्दा बाबुको क्रिया नगरेको छोरी भनेर भाड्ने प्रयास भएको अनुभव उहाँसँग छ । 'यद्यपि ममा धेरै तीता अनुभवहरू भए पनि मैले बाबुको क्रिया नगरेकोमा मलाई कुनै पश्चाताप छैन' पोखरेल भन्नुहुन्छ ।

'वेद-पुराणहरू कुन मितिमा कुन आधारमा लेखिएका हुन् भन्ने तथ्यगत प्रमाण के छ ? यो स्थितिमा कोरा र काल्पनिकरूपमा देवता र पुराणहरूको पछि लाग्नु अचेतनाको पराकाष्ठ हो, काजक्रिया गर्ने कुरा अध्यात्मकवादी सोंचका आधारमा पनि जरूरी नभएकोले मैले काजक्रिया गरिन' नेपाली काँग्रेसका स्थानीय नेतासमेत रहनुभएका पोखरेल भन्नुहुन्छ ।

यद्यपि काजक्रिया परम्परा मात्र नभएर सामाजिक अनुशासन र सामाजिक विकास पढाउने पद्धति भएको तर्क ज्योतिषी पं. ऋषिकेश शर्माको छ ।

'क्रिया नगर्ने कुरा एकलकाटे कुरा हो, परम्परागत संस्कारलाई छोड्न मिल्दैन, यज्ञ प्रक्रियाबाट चल्ने हाम्रो परम्परामा कर्मकाण्ड जरूरी हुन्छ, सूक्ष्म र कारक शरीको दुर्गति नहोस् भनेरै क्रिया गर्ने गरिएको हो' पण्डित शर्मा भन्नुहुन्छ ।

क्रिया प्रथा अवैज्ञानिक भएको मान्यता राख्दाराख्दै पनि एकै पटकमा अमान्य बनाउन नसकिने र यसलाई सहज बनाउनेतर्फ प्रयास गर्न जरूरी भएको तर्क बुद्धिजीवीहरूको छ ।

कर्मवादी सोचभन्दा कारणवादी सोच राखेर त्यसको विश्लेषण गर्न जरूरी भएको वताउँदै बुद्धिजीवी एवम् लेखक गोपी रमण उपाध्याय भन्नुहुन्छ- समाजमा सांस्कृतिक परिवर्तन हुन लामो समय लाग्ने भएकोले यस विषयमा व्यापक छलफल चलाउनु पर्दछ । ■

*साभार : कान्तिपुर*

# उपदेश त साँच्चैको उपदेश नै हुँदो रहेछ

✍ **लेख बहादुर राउत**, ध्यानकुटी विहार

उपदेश त साँच्चैको उपदेश नै हुँदो रहेछ। मलाई पहिला थाहा थिएन। तर आज प्रत्यक्ष थाहा पाएँ। किनभने यो भन्दा अगाडि मैले बुद्ध जीवनी र बुद्धको उपदेश पढ्ने मौका पाएको थिएन। मानिस चाहे बुद्धमार्गी होस् चाहे हिन्दू, चाहे क्रिश्चियन जेहोस् उपदेश भनेको मानिसको हीतको लागि नै भनिएको हुन्छ। नेपालीमा एउटा उखान पनि छ, "अर्ती भनेको धर्तीको पनि सुन्नुपर्छ।" तर अर्तीलाई ठीक बेठीक छुट्टाउन आफ्नो दिमागलाई अलि चनाखो पनि बनाउन सक्नु पर्छ।

जब म मोरङ्गबाट बनेपा आएँ, त्यसबेला मलाई गौरी मानन्धरले ध्यानकुटी विहारमा ल्याउनु भयो। मैले यस स्थानलाई पवित्र र निश्छल पाएँ। चारैतिर हरियाली र सुन्दर वातावरण भएको यस स्थान देखेर म ज्यादै प्रभावित भएँ। मलाई भिक्षु अश्वघोषले फुर्सद समयमा पुस्तक अध्ययन गर्ने सल्लाह दिनुहुँदै बुद्ध शिक्षामा आधारित पुस्तकहरू र कलम पनि दिनुभयो। उहाँले दिनुभएका पुस्तकहरू सरसरति हेर्दा मेरो मनमा एक अनौठो आनन्द र हौसला उब्जिन थाल्यो। जुन एक कविताको रुपमा यसरी प्रकट भएको छ-

**सही जीवन के हो ?**

*सत्य कार्य गर्नु नै सही जीवन हो।*
*असत्य कार्य गर्नु नै मृत्यु जीवन हो।*
*भूठो र स्वार्थी जीवन जीवन नै होइन।*
*साँचो र निश्वार्थी जीवन मात्र जीवन हो।*

*विश्वास नै मानिस हो अविश्वास मानिस होइन।*
*स्नेह नै ममता हो तिरस्कार ममता होइन।*
*सेवा नै धर्म हो छलकपट धर्म होइन।*
*अरुको दुःख बुझ्न सक्ने व्यक्ति नै सही मानव हो।*
*अरूको दुःखलाई बुझ पचाउने व्यक्ति सही मानव होइन।*
*संघर्ष नै सही जीवन हो निष्कृय सही जीवन होइन।*

अर्को दिन मैले बुद्ध गुण व्याख्या गरिएको पुस्तक पढें। यसमा "मानिस बाहिरी मनबाट सफा भएपनि उसको भित्री मनमा केही स्वार्थ लुकिएको हुन्छ, हामीले सबै स्वार्थलाई त्यागेर निश्वार्थ भावना राख्नुपर्छ" भन्ने कुराहरू लेखिएको रहेछ। त्यसपछि मेरो मनले यसरी विचार गर्न थाल्यो "यस संसारमा त धेरैजसो मानिसहरूको मनमा स्वार्थी भावना मात्र लुकिरहेका छन्। त्यसैले फेरि अर्को कविता कोर्ने विचार आउन थाल्यो-

**शान्तिको जीवन-**

*पढ्यौ तिमीले बुद्ध उपदेशलाई*
*तर बिर्सिदियौ तिमीले त्यही उपदेशलाई*
*त्यसैले पापकर्म गर्दैछौ तिमीले*
*खै त ? तिम्रो मनको सफाई ?*

*बाहिरी मनले भन्छ सेवा नै धर्म हो*
*तर भित्री मनले भन्छ सेवा त मेवा खानुमा छ*
*तिमीले भुल्यौ बुद्धका उपदेश*
*यसरी नबदल्नु छिन छिनमा तिमी आफ्नो भेष*
*यस्तो पापी बन्ने नगर तिमी।*
*त्याग सबै भोग वासनाको जीवन।*
*अनि मात्र आउनेछ तिम्रो मनमा धर्मको कीरण।*
*अनि पाउनेछौ तिमीले जताततै शान्तीको जीवन।*

मेरो मनले भनिरहेको छ, यदि मैले बुद्ध उपदेशले भरिएको पुस्तक हेर्न नपाएको भए यसरी कविता लेख्ने बिचार आउ नेनै थिएन होला। त्यसैले म भन्छु उपदेश भनेको उपदेश नै हुँदो रहेछ। त्यसैले मैले सबैको उपदेशलाई सुन्ने गर्छु। त्यसमा केही शंका लागेको भए आफ्नै बुद्धिले एकपटक सोच्ने गर्छु। सकभर आफ्नो प्रश्नको उत्तर म आफै भेट्टाउने कोशिस गर्छु। नसके यसबारे बुद्धिजीवी बुद्धिमान व्यक्तिहरूसंग छलफल गरी सोध्नेछु।

ठूला मान्यजनहरूलाई आदर गर्ने, सानालाई माया गर्ने, अनुशासन पालन गर्ने, भद्रमानिसहरूको कुरा सुन्ने, नबुझेका कुरा छलफल गर्ने, इमान्दार र विश्वास पात्र बन्ने जस्ता कुराहरूमा ध्यान दिन सकेको खण्डमा पक्कै पनि सफल मानिस बन्न सकिनेछ। अनि मात्र पक्का परोपकारी बन्न सकिनेछ।

त्यसैले हामी सबैले हाम्रो मनमा लुकेका स्वार्थलाई हटाएर निश्वार्थ मनले सबै प्राणी तथा बनस्पति र समाजलाई सेवा गरी सादा जीवन र उच्च बिचारको भावना प्रयोग गरौं। ■



Downloaded from http://www.dhamma.digital

## धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको नियमित शनिवारिय कार्यक्रम

स्थान- धर्मकीर्ति विहार, २०५७ असार ३ गते। यसदिन मदन रत्न मानन्धरले प्रज्ञप्ति र परमार्थलाई विश्लेषण गर्नुहुँदै भन्नुभयो -

संसारमा प्रज्ञप्ति र परमार्थ दुई तत्त्व मात्र छन्।

**प्रज्ञप्ति-** प्रज्ञप्ति भनेको कुनै वस्तुको गुण, आकार प्रकार इत्यादिको आधारमा व्यवहारमा सजिलो पार्नका लागि प्रज्ञप्त गरिराखेको नामलाई भनिन्छ। यसले आफ्नो स्वभाव धर्मलाई परिवर्तन गर्छ। अर्थात् यसको स्वभाव धर्म नित्य छैन।

**परमार्थ-** परमार्थ भनेको यथार्थ स्वभाव धर्म परिवर्तन नहुने तत्त्वलाई जनाउँछ। परमार्थ ४ प्रकारका छन्। रूप, चित्त, चेतसिक र निर्वाण। यहाँ चित्त र चेतसिकलाई नाम पनि भनिन्छ। रुप र नाम लौकिक हुन् भने निर्वाण लोकोत्तर हो। नाम र रुपलाई पंचस्कन्ध भनिन्छ। पञ्चस्कन्ध यसरी रहेको छ- रुप, वेदना, सञ्ञा, संस्कार र विञ्ञाण। रुप २८ प्रकारका छन्-

१. चतुर्महाभूत ४ वटा - पथवी, आपो, तेजो, वायो।
२. उपादय रुप ४ वटा - वण्ण, गन्ध, रस, ओज।

अन्य रुप २० वटा- १. चक्षु-आँखा २. सोत-कान ३. घाण-नाक ४. जिह्वा-जिब्रो ५. काय-शरीर ६. पुंभाव-पुरुष भाव ७. इत्थिभाव-स्त्री भाव ८. हृदय वत्थु-मुटु ९. रुप जीवित-रुप जीवित अवस्थाको १०. परिच्छेद-खाली स्थान ११. काय विञ्ञति-मनको भाव शरीरबाट प्रकट गरिने १२. वची विञ्ञति-मनको भाव वचनबाट प्रकट गरिने १३. सद्दा-शब्द, आवाज १४. लहुता-हलुकापन १५. मुदुता-कोमलता १६. कम्मञ्ञता-कार्य योग्य हुने १७. उपचय-बृद्धि, उत्पन्न हुने १८. सन्तति-निरन्तरता १९. जरता-जीर्ण २०. अनित्यता- अनित्यपना, अनित्य स्वभाव।

### प्रव्रज्या दिवस

*प्रस्तुती - उमा मानन्धर*

आयोजक- धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी।
स्थान- ध्यानकुटी विहार बनेपा। २०५७ असार १० गते।

भगवान बुद्धले संसारमा पाँच दुर्लभहरू मध्ये प्रव्रजित भाव पनि एक दुर्लभ हो भन्नु भएको छ। यस दुर्लभ भावलाई आफ्नो जीवनमा एक पटक अनुभव गर्ने सौभाग्य पाएको दिन र अरुलाई पनि त्यो सौभाग्य प्राप्त गराउने उद्देश्य पूरा गर्न प्रत्येक वर्ष मनाउँदै आएको प्रव्रज्या दिवस यही असार १० गते ध्यानकुटी विहार बनेपामा इन्द्रकुमार नकर्मीको संयोजकत्त्वमा संचालन गरिएको थियो।

असार ९ गते बेलुकी नै गोष्ठीका सदस्यहरू बनेपा स्थित ध्यानकुटी विहारमा पुगेका थिए। सो दिन बेलुकी भिक्षु अश्वघोष महास्थविरले भगवान बुद्धको शिक्षा अनुसार हामीले मध्यम मार्ग अपनाउनु पर्दछ र त्यसलाई व्यवहारमा उतार्न अति आवश्यक छ, भन्नुहुँदै सन्तोष नै परम सुख हो, हामी सबैमा सम्यक दृष्टि हुनु अति जरुरी छ भन्नुभयो।

असार १० गते बिहान ध्यान, बुद्धपूजा र जलपान कार्यक्रम समाप्त भएपछि भिक्षु अश्वघोषको सभापतित्त्वमा संचालकहरू अगम्य रत्न तुलाधर र तारा डंगोलबाट "शील" विषयमा परिसंवाद कार्यक्रम संचालन गरियो।

यस कार्यक्रमका वक्ताहरू यसरी हुनुहुन्थ्यो - भिक्षुणी वीर्यवती, मीनशोभा शाक्य, शोभियत रत्न तुलाधर, रोशनकाजी तुलाधर, प्रेमकाजी बानिया र अशोकराज चित्रकार आदि।

सबै वक्ताहरूलाई यसरी प्रश्न सोधिएका थिए।

१. शीलको अर्थ के हो ? २. शील पालन गरेर मानसिक सुख प्राप्त हुन्छ भनिन्छ, तर आजभोलि समाजमा शील पालन नगर्नेहरू नै बढि सुखी देखिन्छन् ३. शील हामीलाई आवश्यक छ वा छैन ? पञ्चशील, अष्टशील मात्र शील हो वा यसको अलावा अरु पनि कुनै शील छ ? ४. अक्षरश: शील पालन गरेर पुग्छ वा कुनै परिस्थितिमा यसलाई केही फरक गरे पनि हुन्छ ? ५. शील पालन गर्नु भन्नु नै अर्को जन्मको जीवन राम्रो गर्नको लागि हो ?

यी ५ वटा प्रश्नहरूको उत्तर क्रमश: यसरी प्राप्त भएका थिए।

१. आफ्नो शरीर वचन र मनले अरुहरूको शरीर, मन धन र यश कीर्तिमा हानी नपुऱ्याई काम गर्ने अर्थात् आफ्नो खराव आचरणहरूलाई आफैले महसूस गरी सुधार्दै लाने कार्य नै शील पालन हो। आफ्नो चित्त शुद्ध गरी मुक्तिपथतिर जानको लागि पहिलो खुड्किलो नै शील हो।

२. हामीले हेर्दा ती दुश्शील (शील पालन नभएका) व्यक्तिहरू बाहिरबाट सुखी देखिए तापनि उनीहरू भौतिक रुपमा मात्र सुखी हुन्छन् तर उनीहरूले मानसिक सुख अर्थात् आध्यात्मिक सुख कुनै हालतमा पनि प्राप्त गरेको हुँदैन। तर कुनै पनि व्यक्तिको सफल जीवन भौतिक र आध्यात्मिक सुखमा निर्भर रहेको हुन्छ।

३. शीलको नाम जति प्रकारको राखिए पनि यसको मुख्य अर्थ त आफ्नो शरीर, मन र वचनलाई

परिशुद्ध गरी आफ्नो र अरुको हित चिताई कार्य गर्न सक्नु नै शील हो।

४. बुद्ध शिक्षा अनुसार समय परिस्थिती अनुसार आफूलाई ठीक तरिकाले ढाली आफ्नो शरीर र वचनबाट आफ्नो र अरुको हित हुने कार्य गरेमा मात्र शील पालन गरेको ठहरिनेछ।

५. भगवान् बुद्धले भूत र भविष्यलाई भन्दा वर्तमान जीवनलाई महत्त्व दिनु भएको छ। यस जन्ममा मनको सुख र शान्ति प्राप्त गरी सफल जीवन जिउन सके अर्को जीवन स्वत: नै राम्रो हुनेछ।

कार्यक्रमको अन्त्यमा शील प्रार्थना गर्नु भन्दा यसलाई व्यवहारमा उतार्न सक्नु अति आवश्यक छ भन्ने विषयमा छलफल गरियो।

भिक्षुणी धम्मवतीबाट आफ्नो मन्तब्य व्यक्त गर्नुहुँदै भगवान् बुद्धको शिक्षा थानाथान कोशल ज्ञान अर्थात् ठाउँ र परिस्थिती अनुसार आफ्नो बुद्धि प्रयोग गर्न सक्नुलाई भनिन्छ। त्यसैले हामीले समय र परिस्थिति हेरी ज्ञान लिने र आफू र अरुको हित सुखको लागि शील पालन गर्नैपर्छ भन्नुभयो।

सभापतिको आशनबाट बोल्नुहुँदै भिक्षु अश्वघोष महास्थविरले भन्नुभयो - "शीलले मानिसको स्वभाव र आचरण त राम्रो बनाउँछ। तैपनि एक सभ्य व्यक्ति बन्नका लागि शील पालनले मात्र प्रयाप्त हुँदैन त्यसको साथसाथै सबैले आ-आफ्नो कर्त्तव्य पनि पालन गर्न सकेमा मात्र शुद्ध तरिकाले शील पालन गरेको ठहरिनेछ। यति भन्नुहुँदै उहाँले बुद्धकालीन घटनालाई पनि प्रस्तुत गर्नुभयो।

दिवा भोजन पश्चात् "त्रिरत्न गुण" विषयमा प्रवचन भयो। विमला शाक्यबाट बुद्ध गुण बारे बोल्नु हुँदै भन्नुभयो -

बुद्धलाई चिन्ने हो भने बुद्ध गुणलाई थाहा पाउनु पर्दछ। बुद्धको गुण अनन्त छन्। तिनीहरू मध्ये हामीले सँधै बुद्धका ९ वटा गुणहरूलाई स्मरण गर्ने गर्छौं। बुद्धले आफ्नै मन भित्र उत्पन्न हुने राग द्वेष र मोहलाई खोजी त्यसलाई निर्मूल नै पारी विद्या र आचरणले परिशुद्ध सर्वज्ञ सम्यक सम्बुद्ध हुनुभयो।

धर्मगुण बारे बोल्नुहुँदै श्यामलाल चित्रकारले भन्नुभयो - प्राकृतिक स्वभावलाई धर्म भनिन्छ। शुद्ध धर्म सर्वकालिक, सार्वजमिन, सार्व भौमिक हुनुपर्छ। धर्मको अर्थ अप्रमाण र असिमित छ। त्यस मध्ये ६ वटा धर्मगुणलाई स्मरण गर्नुपर्छ। बुद्ध आफू स्वयमले अनुभव गरेर बताउनु भएको, समय नबित्दै फल दिने, सबैलाई खुला रुपले देखाउन मिल्ने, कुनै गोपनियता नभएको, विद्वानहरू आफैले बुझ्न सक्ने आदि गुण भएको धर्म नै शुद्ध धर्म हो।

संघगुण बारे ब्याख्या गर्दै मायादेवी महर्जनले भन्नुभयो- संघका ९ वटा गुणहरू छन्। सीधा मार्ग अवलम्बन गर्ने, शुद्ध मार्ग अपनाउने, निर्वाणगामी संघहरू अतिथी सत्कार गर्न योग्य, पूजा गर्न योग्य, दान दिन योग्य पुण्य क्षेत्र आदि हुन्।

भिक्षु अश्वघोष महास्थविरले भन्नुभयो बुद्ध शिक्षा नै **"सब्ब पापस्स अकरण, कुसलस्स, उपसम्पदा, सचित्त परियोदपनं एतं बुद्धानु सासनं"** (सबै पापकर्मबाट अलग्ग रहनु, पुण्य कर्मलाई संचय गर्नु र आफ्नो चित्त शुद्ध गर्नु नै बुद्धहरूको शिक्षा हो।" भन्नुभयो।

भिक्षुणी धम्मवतीले प्रवचन दिनुहुँदै भन्नुभयो - बौद्ध धर्ममा ३ वटा पिटकहरू छन्। सूत्रपिटक, विनय पिटक र अभिधम्म पिटक। हाम्रो मनको सूक्ष्म स्वभावलाई अभिधम्म पिटकमा उल्लेख गरिएको छ। कसैले कसैलाई शुद्ध गर्नु र अशुद्ध गर्नु भन्दैमा गर्न सकिने होइन। आफ्नो मनको स्वभावलाई आफैले चिनेर यसलाई शुद्ध पार्न अभ्यास गर्नुपर्छ।"

कार्यक्रमको अन्त्यमा इन्द्रकुमार नकर्मीबाट आउँदो प्रव्रज्या दिवसको लागि दश जवान सदस्यहरूको एउटा कमिटी गठन गरी कार्यक्रम समाप्त गर्नुभयो।

## आजभोली बुद्ध धर्मको अवस्था

२०५७ असार १७ गते। रिपोर्टर- विमला शाक्य

यसदिन बौद्ध विद्वान श्री लोकबहादुर शाक्यले "आजभोली बुद्ध धर्मको अवस्था" विषयमा प्रवचन गर्नुभयो। उहाँले भन्नुभयो २० औं शताब्दीलाई विश्लेषण गरेर हेर्ने हो भने त्यस अवधिमा धेरै मात्रामा भौतिक विकास भएको छ। तर संसारमा शान्ति छैन। त्यसैले २१ औं शताब्दीमा आध्यात्मिक विकासलाई ध्यान राखिएको छ। शान्तिको लागि बुद्ध शिक्षाको महसूस गर्दै U.N.O ले बुद्धलाई महत्त्व दिन थाल्यो। त्यसैले बुद्ध पूर्णिमाको दिन बिदा दिने घोषणा गरियो।

गोष्ठी सम्मेलन र प्रवचन कार्यक्रमको प्रचलन भने धेरै भएको देखिन्छ तर त्यसमा प्रचार गरिने शिक्षालाई भने व्यवहारमा प्रयोग गर्न सकिरहेको छैन।

हामीले समाज सुधार कार्यको साथै जातीय भेदभाव हटाउनेतिर पनि ध्यान दिनु परेको छ। जुन कार्य डा. भीमराव अम्बेडकरले पनि गर्नु भएको थियो। केन्द्रिय दायक सभाले धर्मचक्र विहारमा बौद्ध तरिकाबाट विवाह र व्रतमन गर्ने अभियान चालिएको छ।

यसरी सम्पूर्ण बुद्ध अनुयायीहरू एक मुष्ट र संगठित भई सुधार ल्याउनु परेको छ। यसको साथै जनगणना लिंदा बुद्ध अनुयायीहरूले आफू बुद्ध अनुयायी भएको कुरालाई नबिर्सी बौद्धलाई अबौद्धको रुपमा जनाउने बेलामा होशियारी हुनु परेको छ। मुख्य



Downloaded from http://www.dhamma.digital

कुरो त हामीले बुद्ध शिक्षालाई व्यवहारमा प्रयोग गर्नु परेको छ ।"

**प्रथम अन्तर निम्न माध्यमिक विद्यालय बौद्ध हाजिरी जवाफ प्रतियोगिता सम्पन्न**

स्थान- धर्मकीर्ति विहार, २०५७ श्रावण ७ गते ।

धम्मवती गुरुमांको ६६ औं जन्मोत्सवको उपलक्षमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आयोजनामा मिति २०५७ श्रावण २-५ र ७ गते संचालित प्रथम अन्तर निम्न माध्यमिक विद्यालय बौद्ध हाजिरी जवाफ प्रतियोगिता सम्पन्न भएको छ ।

यस पाँचदिने कार्यक्रममा पहिलो दिन धम्मवती गुरुमांले स्वागत भाषण गरी कार्यक्रम शुरू गर्नु भएको थियो ।

प्रतियोगिताको विस्तृत विवरण यसरी रहेको छ-

श्रावण २ गते देखि ५ गते सम्म संचालित हाजिरी जवाफ प्रतियोगितामा भाग लिनुहुने विद्यालयहरूको नामावली:–

*२०५७ श्रावण २ गते ।*

१. प्रभात माध्यमिक विद्यालय २. परोपकार आदर्श हाईस्कूल ३. मैत्री शिशु आवासिय विद्यालय ।

यस समूह भित्र परेको अर्को एक स्कुल "न्यू लिरा बोर्डिङ्ग स्कुलले कुनै कारणवश प्रतियोगितामा सहभागी हुन सक्नु भएन ।

*२०५७ श्रावण ३ गते ।*

१. बोधिसत्त्व इङ्गलिस स्कूल २. ज्ञानोदय माध्यमिक विद्यालय ३. भक्त विद्याश्रम माध्यमिक विद्यालय ४. हिमालय विद्या मन्दिर ।

*२०५७ श्रावण ४ गते ।*

१. बालकुमारी आवासिय माध्यमिक विद्यालय
२. गणेश आवासिय माध्यमिक विद्यालय
३. श्री ५ रत्नराज्य लक्ष्मी देवी माध्यमिक विद्यालय
४. स्वर्ण शिक्षा माध्यमिक विद्यालय

*२०५७ श्रावण ५ गते ।*

१. शान्ति शिक्षा मन्दिर माध्यमिक विद्यालय
२. सिद्धार्थ बनस्थली ३. बालसेवा माध्यमिक विद्यालय
४. सिद्धार्थ विद्यापीठ इङ्गलिस बोर्डिङ्ग स्कूल ।

माथि उल्लेखित विद्यालयहरू मध्ये फाइनल प्रतियोगितामा भाग लिने मौका प्राप्त गरेका विजयी विद्यालयहरूको नामावली यसप्रकार रहेका छन् -

१. प्रभात माध्यमिक विद्यालय २. भक्त विद्याश्रम माध्यमिक विद्यालय ३. गणेश आवासिय माध्यमिक विद्यालय ४. शान्ति शिक्षा मन्दिर माध्यमिक विद्यालय ।

*२०५७ श्रावण ७ गते फाइनल प्रतियोगिता :–*

यस फाइनल प्रतियोगितामा भाग लिने मौका प्राप्त गरेका विजयी विद्यालयहरूले यसरी आ-आफ्नो स्थान ओगट्न सफल भएका थिए-

१. शान्ति शिक्षा मन्दिर माध्यमिक विद्यालय - प्रथम
२. परोपकार आदर्श हाईस्कूल - दोश्रो
३. गणेश आवासिय माध्यमिक विद्यालय - तेश्रो
४. भक्त विद्याश्रम माध्यमिक विद्यालय - चौथो

प्रतियोगिताको अन्तिम दिन अर्थात् श्रावण ७ गते संचालित फाइनल प्रतियोगितामा कार्यक्रम संयोजक विकासरत्न तुलाधरले स्वागत भाषण गर्नु भएको थियो । यस कार्यक्रममा आफ्नो मन्तब्य ब्यक्त गर्नुहुँदै भिक्षु अश्वघोषले हाम्रो समाजमा राक्षस, देवता, पशु र प्रेत स्वभावका मानिसहरू पनि छन् । तर हाम्रो लक्ष त मानिसलाई असल मानिस बनाउनु हो । यहीं लक्षलाई हामीले सफल पार्नको लागि बुद्ध शिक्षालाई विभिन्न तरिकाले प्रचार गरिरहेका छौं । तीमध्ये हाजिरी जवाफ प्रतियोगिता पनि एक हो भन्नुभयो ।

सभापतिको आशनबाट बोल्नु हुँदै धम्मवती गुरुमां - "हाजिरी जवाफ प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय भई जित्नुलाई मात्र जीत भनिन्दैन । जति पनि विद्यालयले यस प्रतियोगितामा भाग लिएका छन्, ती सबैले बुद्ध शिक्षाले भरिएका पुस्तकहरू पढ्न पाउनु नै एक प्रकारको जीत सम्झनु पर्छ ।"

यस हाजिरी जवाफ प्रतियोगितामा भाग लिएका तर फाइनल प्रतियोगितामा भाग लिन नपाएका विद्यालयहरूलाई भिक्षु अश्वघोषले सहभागिताको प्रमाणपत्र वितरण गर्नु भएको थियो । यसरी नै फाइनल प्रतियोगितामा भाग लिने मौका प्राप्त गरी द्वितीय, तृतीय र चतुर्थ भएका विद्यालय र विद्यार्थीहरूलाई धम्मवती गुरुमांले प्रमाणपत्र, पुरस्कारहरू र धर्मकीर्ति लोगो अंकित शील्ड प्रदान गर्नु भएको थियो । यसको साथै फाइनल प्रतियोगितामा भाग लिने मौका प्राप्त गरी प्रथम स्थान ओगट्न सफल भएका स्कूल र विद्यार्थीहरूलाई भिक्षु बुद्धघोषले प्रमाण पत्र, पुरस्कार र धर्मकीर्ति लोगो अंकित शील्ड प्रदान गर्नु भएको थियो ।

उक्त कार्यक्रमको फाइनल प्रतियोगितामा प्रथम र द्वितीय हुने विद्यालयहरूलाई सानुरत्न स्थापितको तर्फबाट धर्मकीर्ति पत्रिकाको विशेष सदस्यता प्रदान गरिएको सूचना पनि सुनाइएको थियो ।

यसको साथै यस प्रतियोगितामा भाग लिएका सम्पूर्ण विद्यालयहरूलाई धर्मकीर्तिको तर्फबाट एक वर्षको लागि धर्मकीर्ति पत्रिकाको साधारण सदस्यता प्रदान गरिएको सूचना पनि सुनाइयो ।

प्रफुल्ल कमल ताम्राकारले संचालन गर्नु भएको यस कार्यक्रमको अन्त्यमा इन्द्रकुमार नकर्मीले धन्यवाद ज्ञापन गर्नुभई कार्यक्रम समापन गर्नुभएको थियो ।

## साप्ताहिक अभिधर्म पाठ सुसम्पन्न

स्थान- धर्मकीर्ति विहार। धम्मवती गुरुमांको ६६ औं जन्मोत्सवको शुभ उपलक्षमा पूज्य भिक्षुसंघको तर्फबाट त्रिपिटक मध्ये एक प्रमुख पिटक अभिधर्मका ७ वटा (संक्षिप्त) ग्रन्थहरू पाली भाषामा पाठ गर्ने कार्यक्रम सुसम्पन्न भएको छ। प्रत्येक दिन बुद्ध पूजा पछि धर्म देशना र अभिधर्म पाठ गरी संचालन गरिएको उक्त कार्यक्रम मिति २०५७ असार २८ गते देखि श्रावण ३ गते सम्म प्रत्येक दिन बिहान ७ बजे देखि ९ बजे सम्म साप्ताहिक रुपमा संचालन गरिएको थियो। उक्त कार्यक्रममा सहभागी हुने भिक्षु, गुरुमांहरू र श्रद्धालु उपासक उपासिकाहरूलाई विभिन्न दाताहरूको तर्फबाट जलपान गराइएको थियो। यसरी नै अभिधर्म पाठ पछि भिक्षु र गुरुमांहरूलाई विभिन्न समूहहरूबाट भोजन दान पनि गरिएको थियो।

यसको साथै अभिधर्म पाठ गर्नुहुने भिक्षुहरू लगायत कार्यक्रममा सहभागी हुने अन्य सबै भिक्षु र गुरुमांहरूलाई धम्मवती गुरुमां र श्यामलक्ष्मी शिल्पकार बाट विशेष रुपमा दान प्रदान गरिएको थियो।

उक्त साप्ताहिक कार्यक्रमको तालिका यसरी रहेको छ –

| मिति | अभिधर्म ग्रन्थहरूको नाम | पाठ गर्नुहुने भिक्षुहरूको नाम | धर्मदेशना गर्नुहुने भिक्षुहरूको नाम | जलपान दाताको नाम | भोजन दाताको नाम |
|---|---|---|---|---|---|
| २०५७ असार २८ | धम्मसङ्गणी पालि | भिक्षु बुद्धघोष<br>भिक्षु उ धम्मानन्द...<br>भिक्षु उ सुजनपिय... | भिक्षु बुद्धघोष<br>भिक्षु उ सुजन पिय | इन्द्रमान पुच: | कीर्ति मैत्रा पुच: |
| २०५७ असार २९ | विभङ्ग पालि | भिक्षु अश्वघोष<br>भिक्षु गुणघोष<br>भिक्षु कोण्डञ्ञ | भिक्षु अश्वघोष | गणेमाया पुच:<br>शोभा श्रेष्ठ | मोतिलाल श्यामलक्ष्मी शिल्पकार |
| २०५७ असार ३० | कथावत्थु पालि | भिक्षु सुमेध...<br>भिक्षु धम्मशोभन...<br>भिक्षु तपुस्स धम्म | भिक्षु सुमेध | लक्ष्मीदेवी पुच: | पुलां पुच: |
| २०५७ असार ३१ | पुग्गल पञ्ञतिपालि | भिक्षु ञाणपूर्णिक<br>भिक्षु भद्दिय... | भिक्षु ञाणपूर्णिक | मोतीलाल श्यामलक्ष्मी र स्व. वीरवहादुर को नामबाट | मोतिलाल श्यामलक्ष्मी शिल्पकार |
| २०५७ श्रावण १ | धातुकथा पालि | भिक्षु निग्रोध...<br>भिक्षु उदयभद्र... | भिक्षु निग्रोध | भाइराजा बसुन्धरा तुलाधर | पूर्णहिरा पुच: |
| २०५७ श्रावण २ | यमक पालि | भिक्षु कुमार काश्यप<br>भिक्षु बोधिसेन<br>भिक्षु धर्ममूर्ति... | भिक्षु धर्म मूर्ति | उत्तमदेव<br>गौतमदेव<br>प्रमुख सपरिवार | अष्टमाया पुच: |
| २०५७ श्रावण ३ | पट्ठानपालि | भिक्षु अश्वघोष<br>भिक्षु सुगतमुनि...<br>भिक्षु शोभित | भिक्षु शोभित | मिजं पुच: | न्हू पुच: |

## राष्ट्रिय सर-सफाई सप्ताहमा धर्मकीर्ति

२०५७ आषाढ ४ देखि १० गतेसम्म "राष्ट्रिय सर-सफाई सप्ताह" मनाउने क्रममा काठमाडौं जिल्ला खानेपानी कार्यालय र युनिसेफको सहयोगमा नेपाल भाषा मिसा खल: र धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको संयुक्त आयोजनामा काठमाण्डौ चक्रपथ स्थित बसुन्धरा डोलमा यस गोष्ठीका अध्यक्ष भिक्षुणी धम्मवतीले यहिं २०५७ आषाढ ५ गते "बुद्ध-धर्म र सर-सफाई' विषयमा प्रवचन दिनुभयो। साथै उक्त कार्यक्रममा नेपालभाषा मिसा खल:का अध्यक्ष श्रीमती सुवर्ण केशरी चित्रकारले गोष्ठीका अध्यक्ष एवं सचिव क्रमश: भिक्षुणी धम्मवती र इन्द्रकुमार नकर्मीलाई "सर-सफाई सप्ताह" (आषाढ ४-१०, २०५७) सफा रहौं, स्वस्थ बनौं अंकित स्काफ्ट प्रदान गर्नुभयो। गोष्ठीका सचिव इन्द्रकुमार नकर्मीले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा खल:का महासचिव श्रीमती मंगला कारञ्जितले सरसफाईको महत्त्व बारे प्रकाश पार्नुभयो। यसै क्रममा आषाढ ६ गते धर्मकीर्ति विहारका उपासिकाहरू, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सदस्यहरू र नेपाल भाषा मिसा खल:का पदाधिकारीहरू मिली श्रीघ: चैत्य वरीपरी सफाई कार्यक्रम आयोजना गरीयो।

## धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको सल्लाहकार समिति गठन

२०५७ बैशाख ११ गते। धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका अध्यक्ष भिक्षुणी धम्मवतीको सभापतित्त्वमा बसेको कार्यसमितिको बैठकबाट गोष्ठीका पूर्व सल्लाहकार समितिलाई विघटन गरी नयाँ सल्लाहकार समितिको चयन गरेको छ। अबदेखि सल्लाहकार समिति पनि कार्य समितिको कार्यकालको लागि मात्र चयन गरी नयाँ कार्य समितिको साथसाथै सल्लाहकार



Downloaded from http://www.dhamma.digital

समिति पनि चयन गर्ने भनी उक्त बैठकबाट पारीत गरीएको छ । कार्य समिति ३ वर्षको लागि चयन गरिएको हुन्छ । उक्त बैठकबाट यस गोष्ठीको लागि चयन गरिएका सल्लाहकार महानुभावहरू यसरी रहेका छन्-

१. दो. गुणवती २. श्री सानुरत्न स्थापित
३. श्री लोकदर्शन बज्राचार्य ४. श्री बरदेश मानन्धर
५. श्री मदन रत्न मानन्धर

★

## धर्म प्रचार — समाचार

### श्रामणेर निग्रोध भिक्षु मेधंकर जुल

२०५७ असार २३ गते आनन्दकुटी विहारया उपोसथगृहे संघनायक भिक्षु अनिरुद्ध महास्थविरया उपाध्यायत्वे धम्मवती गुरुमाँ (भिक्षुणी) या दायकत्वे व भिक्षु अश्वघोष महास्थविरया संरक्षकत्वे श्रामणेर निग्रोध उपसम्पन्न जुया भिक्षु मेधंकर जूगु समाचार दु ।

उक्त उपसम्पन्न पुण्यकार्यस कर्म वाचा आचार्य जुया बिज्यापिं खः-

भिक्षु कुमार काश्यप, भिक्षु ज्ञानपूर्णिक
भिक्षु अश्वघोष, भिक्षु बोधिसेन
भिक्षु सुगतमुनि, भिक्षु गुणघोष

उक्त उपसम्पदाया ज्याय् अखिल नेपाल भिक्षु संघया अध्यक्ष भिक्षु बुद्धघोष महास्थविरया उपस्थिति जूगु समाचार दु ।

### २५४४ औं स्वाँया पुन्ही

ने.सं. ११२० बछलाथ्व विहिवार खुनु स्वाँया पुन्हीया लसताय् सुर्वण छत्रपुर विहार लुभुया आयोजनाय् २५४४ औं स्वाँया पुन्ही भफ:धायक हंगु समाचार दु । ज्ञानमाला भजन, बुद्ध पूजा लिपा भाजु रामगोपालजुं स्वाँया पुन्ही दिंया महत्त्व कना बिज्या:गु थुगु ज्याझ्वले ज्ञानमाला भजन व बुद्ध शिक्षा सम्बन्धि यक्कों छलफल नं जूगु खः ।

न्हिन्हसिया ४ ता: इले सजेयानात:गु खट्य भगवान् बुद्धया मूर्ति तया: थीथी बाजागाजा सहित लुभु दे चा:हिका: २५४४ औं बुद्ध पूर्णिमा भफ: धायक मानेया:गु दु । नगर परिक्रमा सिधय्का: सुवर्ण छत्रपुर विहारया नायो भाजु बाबुराम महर्जनं सकल धर्मपासापिन्त व बाजा खल:यात धन्यवाद व साधुवाद बियादिल ।

### धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू

क्र.सं. ३३१
हेरादेवी शाक्य
ललितपुर
रु. १०१०/-

क्र.सं. ३३२
लतनारायण महर्जन
यंगाल टोल, काठमाडौं
रु. १०००/-

क्र.सं. ३३३
उत्तमदाश तुलाधर
१६/५६ ठमेल टोल, काठमाडौं
रु. १०५०/-

## सियत हे म्वाय्गु खः थन

अमृतमान शाक्य, इतुम्वहा यें
*ने.सं. ११२० थिंलाथ्व ७*

*सियत हे म्वाय्गु खः थन*
*विडम्बना छुकियाले*
*चिल्लाय् मल्लाय् दना मखु*
*शान्तिं सिई सयके थन ।*
*अन्याय अत्याचार मयासा*
*चित्ते घा: जुया च्वनिमखु सो*
*छुकिया विडम्बना याय् मा:गु*
*सीहे मार्सेलि जगतयात उधार याना वने ।*
*बुद्ध मार्गी जुया थें*
*थ:यात ताले लाका*
*जन्म जुयागु सिद्ध जुई थन*
*सियत हे म्वाय्गु ख:सा ।*
*मभिं जुयामखु सो भिंम्ह थहे जुया*
*चतुर ब्रह्म विहारे च्वना जूसां*
*विडम्बना छुकिसनं याय्म्वा ।*
*सियत हे म्वाय्गु ख:सा*
*विडम्बना छुकियाले ।*

## ज्ञानमाला संघको वार्षिक उत्सव कार्यक्रम

पोखरा, ज्ञानमाला संघ स्थापना भएको ३५ औं वर्ष पुरा गरी ३६ औं वर्ष प्रवेश गरेको अवसरमा पहिलो दिन २०५७ जेष्ठ २ गते धर्मशिला बुद्ध विहारमा विभिन्न कार्यक्रम गरी वार्षिक उत्सव कार्यक्रम गरियो।

श्रद्धेय भिक्षु श्रद्धानन्द समक्ष शिल प्रार्थना गरी शुरू भएको कार्यक्रममा सचिव विक्रम उदासबाट वार्षिक प्रतिवेदन र कोषाध्यक्ष उत्तममान बुद्धाचार्यले आर्थिक प्रतिवेदन प्रस्तुत गरेको थियो।

संघका अध्यक्ष सुवर्ण कुमार वज्राचार्यको सभापतित्वमा संचालन भएको वार्षिक उत्सव कार्यक्रममा श्रद्धेय भन्ते श्रदानन्दबाट धर्मदेशना गर्नु भएको थियो भने युवा बौद्ध संघका उपाध्यक्ष प्रकाशमान उदास, दायक सभाका सचिव कृष्णमान गुभाजु, डा. गेहेन्द्रमान उदास र मैत्री संघका अध्यक्ष विश्वरत्न शाक्यबाट शुभकामना मन्तव्य दिनु भएको थियो। संघका उपाध्यक्ष गोविन्द ताम्राकारबाट कार्यक्रम संचालन गरेको थियो।

ज्ञानमाला संघको वार्षिक उत्सव कार्यक्रमको दोश्रो दिन शाक्य समाज भवन नदिपुरमा विहान १०:३० देखि ६ बजेसम्म एक दिवसीय विपश्यना ध्यान शिविर गोविन्द ताम्राकारको संयोजकत्वमा सम्पन्न भएको थियो।

विश्वरत्न शाक्यको विशेष सहयोगमा सम्पन्न भएको शिविरमा २३ जवान पुराना साधक नया साधक २४ जवान र मैत्री शिक्षा समूहका १४ वर्ष मुनीका बाल बालीकाहरू समेत गरी ६७ जवानले ध्यान भावनामा भाग लिएको थियो।

समापन समारोह पछि समाप्त भएको दोश्रो दिन कार्यक्रममा साधकहरू विलबहादुर गुरूङ, गेहेन्द्र कोईराला, प्रकाशमान गुभाजु र कृष्णमान गुभाजुबाट मन्तब्य ब्यक्त गर्नु भएको थियो। अन्तमा संघका अध्यक्ष सुवर्ण कुमार वज्राचार्यबाट धन्यवाद ज्ञापन गर्नु भएको थियो।

## दुर्लभ प्रवज्या कार्यक्रमको समाचार
## (२०५७ जेष्ठ २७ देखि आषाढ १० गते सम्म)

बौद्ध धर्मावलम्वी बालबालिकाहरूलाई बौद्ध शिक्षा दिलाउने, बौद्ध शिक्षाको प्रचार प्रसार गर्ने तथा



*बुटवलको बौद्ध परियत्ति शिक्षा परिवार*

बौद्ध शिक्षा तालिम केन्द्रको रुपमा स्थापना गरी निरन्तरता प्रदान गर्ने उद्देश्यले पद्मचैत्य विहार, बुटवलमा आवास गरिरहनु भएका पूज्य भिक्षु विशुद्धानन्दको विशेष सक्रियता र निर्देशनमा पद्म चैत्य विहार, बुटवलमा २०५७ बैशाख ४ गते सक्रिय उपासक उपासिकाहरू समावेश गरी बुटवल परियत्ति समूह (तदर्थ कमिटी) को गठन गरिएको छ। उक्त समूहमा विद्यादेवी शाक्य - अध्यक्ष, उर्मिला शाक्य -- सचिव, चन्द्रगुप्त शाक्य - कोषाध्यक्ष र सिद्धार्थ तुलाधर, विजयश्री तुलाधर, सुजाता शाक्य र उत्तमदेवी उदास सदस्य रहनुभएको छ।

प्रारम्भमा यस समूहद्वारा बालबालिकाहरूलाई बौद्ध बाल शिक्षा कक्षा संचालन गरी उक्त समूहका सदस्यहरूबाट पनि परियत्ति कक्षा अध्ययन गर्ने कार्य भइरहेको छ। यस समूहद्वारा पद्मचैत्य विहार, बुटवलमा २०५७ जेष्ठ २७ देखि आषाढ ३ गते सम्म ८ जना बालकहरूको सहभागितामा अस्थायी दुर्लभ प्रव्रज्या कार्यक्रम सम्पन्न गरी पुन: आषाढ ३ देखि १० गते सम्म बालिका प्रव्रज्या कार्यक्रम पनि ९ जनाको सहभागितामा सम्पन्न गरेको छ। उक्त कार्यक्रममा बौद्ध शिक्षा अध्ययन गरिरहेका बालबालिकाहरू समावेश थिए। बाल प्रव्रज्याको समापन र बालिका प्रव्रज्याको प्रारम्भ



Downloaded from http://www.dhamma.digital

भएको दिनमा बौद्ध तीर्थ स्थल लुम्बिनीमा दर्शनार्थ श्रामणेर, अनगारिका एवं अभिभावकहरूलाई लगिएको थियो ।

बाल तथा बालिका प्रव्रज्या दुवैको समापन कार्यक्रममा श्रामेणर तथा अनगारिकाज्यूहरूलाई पद्म चैत्य विहार, बुटवलका अध्यक्ष श्री संघरत्न बज्राचार्य ज्यूले प्रमाण पत्र, बौद्ध युवा ज्ञानमाला संघ, बुटवलका अध्यक्ष श्री विमलबहादुर शाक्यज्यूले उपहार, भिक्षु विशुद्धानन्दज्यूले बुद्धमूर्ति तथा बुटवलि परियत्ति समूहका अध्यक्ष सुश्री विद्यादेवी शाक्यज्यूले सौजन्यदाताहरूलाई साधुवाद पत्र वितरण गर्नुभयो ।

सो कार्यक्रममा पद्मचैत्य विहारका अध्यक्ष श्री संघरत्न बज्राचार्य, बौद्ध युवा ज्ञानमाला संघका अध्यक्ष श्री विमलबहादुर शाक्य, अभिभावक श्री योगेन्द्र मणी तुलाधर, नेपाल बाल संगठन, जिल्ला समिती रूपन्देहीका अध्यक्ष श्री कमलदीप श्रेष्ठ एवं धर्मोदय सभा, बुटवल शाखाका अध्यक्ष श्री आनन्दमान सिंह शाक्य ज्यूले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

एक हप्ते दुर्लभ प्रव्रज्या कार्यक्रममा बुटवलका विभिन्न वार्डहरू तथा खैरेनी रूपन्देहीमा भिक्षाटन कार्यक्रम भएको थियो । अनगारिकाज्यूहरूको दैनिक कार्यक्रममा अनगारिका रेवतीज्यूको विशेष सहयोग प्राप्त भएको थियो । त्यस्तै गरी श्रामेणरज्यूहरूको प्रव्रज्या कार्यक्रममा विश्व शान्ति विहार, नयां बानेश्वर काठमाण्डौका श्रामेणर ओवासोज्यूका पनि विशेष सहयोग प्राप्त भएको थियो ।

दुवै कार्यक्रमको समापनमा भिक्षु विशुद्धानन्द ज्यूले धर्मदेशना दिनुभएको थियो । परियत्ति समूहका अध्यक्ष सुश्री विद्यादेवी शाक्यले दुवै कार्यक्रमको समापनमा मन्तव्य सहित धन्यवाद दिनु हुँदै कार्यक्रमको समापन गर्नुभएको थियो ।

## साधारण सभा सम्पन्न

मानदास बुद्धबोधिज्ञान फाउण्डेशनको पहिलो वार्षिक साधारण सभा बोधिज्ञान पुस्तकालय स्वयम्भू, किम्डोल काठमाडौंमा फाउण्डेशनका अध्यक्ष सुगतदास तुलाधरको सभापतित्वमा यहि २०५७ आषाढ १७ गते शनिवार सम्पन्न भयो ।

प्रल्हादकृष्ण मानन्धरको प्रमुख आतिथ्यमा सम्पन्न उक्त सभामा आ.व.०५४/५५ र ०५५/५६ को वार्षिक प्रगति प्रतिवेदन महासचिव सोभियतरत्न तुलाधर बाट र आर्थिक प्रतिवेदन कोषाध्यक्ष सरोजकुमार तुलाधर बाट प्रस्तुत गरिएको थियो । प्रचार-सचिव त्रिरत्न तुलाधरबाट स्वागत मन्तव्य तथा कार्यकारिणी सदस्य डा. केशरीलक्ष्मी मानन्धरबाट धन्यवाद ज्ञापन गरिएको उक्त सभाको संचालन सदस्य भुवनहेरा तुलाधरबाट भएको थियो ।

नेपालभाषाका लोकगीत संकलन एवम् नेपालमा सर्वप्रथम त्रिपिटक बौद्धग्रन्थहरू देशविदेशबाट झिकाई प्रचार-प्रसार गर्नुहुने दिवंगत मानदास तुलाधरको संस्मरणमा स्थापना गरिएको उक्त फाउण्डेशनले उहाँबाट संकलन गरिएका चारहजार भन्दा बढि बुद्धधर्म सम्बन्धी पुस्तक तथा पत्रपत्रिकाहरू राखी बुद्धको बोधिज्ञान मार्गको प्रचार-प्रसार गर्ने उद्देश्य लिई बोधिज्ञान पुस्तकालयको संचालन र बोधिज्ञान पत्रिकाको प्रकाशन पनि गरिरहेको छ ।

## नैतिक शिक्षा प्रशिक्षण शिविर

बनेपा, ध्यानकुटी विहार । २०५७ श्रावण ७ गते

ध्यानकुटी संरक्षण समितीको आयोजनामा स्थानिय माध्यमिक विद्यालय स्तरीय एकदिने नैतिक शिक्षा प्रशिक्षण शिविर सम्पन्न भएको छ । आजाद माध्यमिक विद्यालय, प्रगति प्रभात मा.वि., चैतन्य मा.वि. र शिक्षा सदन मा.वि. का ८, ९ र १० कक्षाका विद्यार्थीहरूले भाग लिएको त्यस शिविरमा प्रशिक्षकहरू यसरी हुनुहुन्थ्यो -

भिक्षु कोण्डञ्ञ, भिक्षु निग्रोध, भिक्षु सुशील र भिक्षुणी वीर्यवती । उहाँहरूले प्रशिक्षार्थीहरूलाई दिनुभएको प्रशिक्षणको विषयहरू यसरी थिए- शान्तिको लागि नैतिक शिक्षा, नैतिक शिक्षाको महत्त्व, पारिवारिक जीवन र नैतिक शिक्षा, विद्यार्थी जीवन र नैतिक शिक्षा ।

शिविर संचालनार्थ जलपान र स्टेशनरीको लागि आवश्यक आर्थिक सहयोग श्री बरदेश मानन्धरबाट प्राप्त भएको थियो ।

## बौद्ध जागरण प्रशिक्षण शिविर सम्पन्न

गोरखा बौद्ध समूहको आयोजनामा हिमाली बौद्ध शिक्षण समूहको तत्वावधानमा गोरखामा आयोजित तीन दिने बौद्ध जागरण प्रशिक्षण शिविर (प्रथम) २०५७ श्रावण ३ गते पृथ्वीनारायण नगर पालिकाका मेयर श्री विशेश्वर कट्टेलको प्रमुख अतिथित्वमा सम्पन्न भयो ।

सो समारोहमा मेयर श्री कट्टेलले शिविरका सहभागी ८२ जनालाई प्रमाणपत्र प्रदान गर्नुभएको थियो । वहाँले प्रशिक्षार्थीहरूलाई २५ सय वर्ष अघि बुद्धले जुन ज्ञान प्राप्त गरी विश्वभर प्रचार गर्नुभयो, त्यस्तो शान्तिको ज्योति प्रचार गर्नु आजको आवश्यकता भएको विषयमा बोल्नु भयो ।

प्रशिक्षकहरूको तर्फबाट प्रशिक्षक श्री हर्षमुनि शाक्यले समयको माग अनुसार दर्शन तर्फको विषय संगसंगै भविष्यमा हुने यस्तो प्रशिक्षण शिविरमा आयमूलक विषयहरू पनि समावेश गर्ने तर्फ पनि विचार भएको जानकारी गर्नु भएको छ ।

त्यसैगरी तमु छोंज धीं गोरखा जिल्ला समितीका अध्यक्ष जगन सिंह तमु, द्रब्यशाह बहुमुखि क्याम्पसका क्याम्पस प्रमुख श्री मोहन नारायण श्रेष्ठ, महेन्द्र ज्योति मा.वि. का प्रधानाध्यापक श्री प्रेमबहादुर थापा, बुद्धिजीवि श्री लोकबहादुर श्रेष्ठ, समाज सेवी श्री चुडा नारायण कृष्ण श्रेष्ठहरूबाट बुद्ध धर्म र त्यसको आवश्यकता माथि प्रकाश पार्नु भएको थियो ।

सो समारोहमा प्रशिक्षार्थीहरूको तर्फबाट श्री निर्मल राना र श्रीमती कुलमाया तमुले शिविरबाट प्राप्त भएको ज्ञानलाई कार्यान्वयन गर्ने विचार ब्यक्त गर्नु भएको छ । साथै अतिथिहरूलाई श्रीमती रुपा तमु र श्रीमती तकमाया तमुबाट ब्याज वितरण गरिएको थियो ।

कार्यक्रमानुसार ३ दिनसम्म सञ्चालित प्रशिक्षणमा प्रशिक्षक हर्षमुनि शाक्य, जनक नेवा, देवकाजी शाक्य र बिपेन्द्र महर्जनहरूबाट बुद्धकालीन समाज र धर्म, बुद्ध जीवनी, चतुआर्यसत्य र आर्य अष्टांगी मार्ग, जातक कथा, बुद्ध धर्म र जनजाति, पञ्चशील, गृही विनय र चतुब्रह्म विहारको साथै प्राथमिक उपचार र विद्युत संचालन सम्बन्धी क्या. तेजबहादुर तमु तथा हिमाल ज्योति बज्राचार्यहरूबाट जानकारी गराउनु भएको थियो ।

यसैगरी २०५७ श्रावण १ गतेबाट प्रारम्भ भएको सो प्रशिक्षण शिविरको उद्घाटन कार्यक्रममा पनि गोरखा बौद्ध समूहको सभापति श्री मोहनरत्न शाक्यको सभापतित्वमा भएको थियो ।

उद्घाटन समारोहको प्रमुख अतिथि श्री हर्षमुनि शाक्यले शिविरको उपादेयता बारे जानकारी दिनु भएको थियो । साथै सो समारोहमा वडा अध्यक्ष श्री अन प्रसाद, श्री मेघबहादुर मास्के, श्री जयराम श्रेष्ठ, श्री चुडानारायणकृष्ण श्रेष्ठ, श्री भगतबाबु श्रेष्ठहरूबाट बुद्ध धर्म सम्बन्धी बोल्नु भएको थियो ।

मैनबत्ती बाली उद्घाटन गरिएको समारोहमा श्री अशोक रानाले स्वागत भाषण गरेको थियो साथै श्रीमती तकमाया तमु र श्रीमती दिलकुमारी तमुबाट ब्याज वितरण गरिएको थियो ।

## २५८९ औं धर्मचक्र प्रवर्तन दिवस

विभिन्न स्थानमा २५८९ औं धर्मचक्र दिवस मनाइएको समाचार प्राप्त भएका छन् । जुन यसरी उल्लेख गरिएको छ ।

**भक्तपुर**–

२५८९ औं धर्मचक्र प्रवर्तन दिवसको उपलक्षमा बौद्ध संघ भक्तपुरको आयोजनामा प्रभातफेरी र पर्चा वितरण कार्यक्रम सम्पन्न गरिएको समाचार छ । प्रगति बौद्ध संघ, दिपंकर ज्ञानमाला, धर्मोदय सभा (भक्तपुर), मुनी विहार, चतुब्रह्म विहार ज्ञानमाला, गुंला बाजं समूह, बाँसुरी बाजा समूह इत्यादि संघ संस्थाहरूले भाग लिएको उक्त कार्यक्रम बौद्ध समकृत विहारबाट शुरु भई सोही स्थानमा आई टुंगिएको थियो । सहभागीहरू सबैलाई संघका अध्यक्ष सिद्धिरत्न शाक्यले धन्यवाद दिनुभयो भने भिक्षु धम्मशोभण महास्थविरज्यूबाट बुद्धपूजाको कार्यक्रम पनि संचालन गर्नुभएको थियो ।

यस्तै मैत्रेय युवा संघको आयोजनामा बौद्ध संघका उपाध्यक्ष संघरत्न शाक्यको सभापतित्त्वमा "धर्मचक्र प्रवर्तन दिवस" विषयमा एउटा प्रवचन कार्यक्रम पनि सम्पन्न भयो । प्रवचक भिक्षु धम्मशोभन महास्थविरज्यूले यस दिनको महत्त्वलाई लिएर उपदेश दिनुभयो । युवा संघका अध्यक्ष तीर्थराज बज्राचार्यले स्वागत गरी विणा शाक्यले धन्यवाद ज्ञापन गर्नु भएको उक्त कार्यक्रम राजुमान बज्राचार्यले संचालन गर्नुभएको थियो ।

**ललितपुर**– विश्व मैत्री विहारमा बुद्ध पूजा र पञ्चशील प्रार्थना । भिक्षु पञ्ञा विमलको तर्फबाट प्रवचन । मोहन महर्जन, लोकबहादुर शाक्य र प्रेम बहादुर बज्राचार्यहरूको तर्फबाट आ-आफ्नो मन्तव्य ।

विश्व शान्ति पुस्तकालय ललितपुरको आयोजनामा रक्तदान कार्यक्रम सम्पन्न । १११ जवान रक्तदाताहरूलाई ब्लड डोनर्स एशोसियसनका अध्यक्ष शरद कसाले प्रमाण पत्र प्रदान गर्नुभएको थियो । किशोर भाइ वज्राचार्यको सभापतित्वमा उक्त कार्यक्रम सम्पन्न भएको थियो ।

यसरी नै पूर्व कर्मचारी सेवा परिषद र अभिधम्म अध्ययन समाजको आयोजनामा श्यामकुमार प्रधानको सभापतित्त्वमा विश्व शान्ति विहारमा भिक्षु ज्ञानपूर्णिक महास्थविरको तर्फबाट प्रवचन कार्यक्रम सम्पन्न गरियो ।

**श्रीघः प्रवचन**– धर्मपासा पुचःको आयोजनामा श्रीघःमा भिक्षु अश्वघोष महास्थविरको तर्फबाट "बुद्धलाई चिन्ने पहिलो मार्ग बौद्ध परियत्ति शिक्षा" विषयमा प्रवचन कार्यक्रम सम्पन्न गरियो । अमृतरत्न शाक्यले स्वागत भाषण गर्नुभएको उक्त कार्यक्रम प्रकाश तुलाधरले संचालन गर्नुभएको थियो । प्रवचनको क्रममा भिक्षु अश्वघोष महास्थविरले जीवनमा ठीक तरिकाले आचरण गरी अगाडि बढ्न सकेमा आफ्नो कामहरू



Downloaded from http://www.dhamma.digital

सफल बन्ने भएकोले यसरी नै हामीले अगाडि बढ्ने प्रयास गर्नु परेको छ भन्नुभयो ।

**काठमाण्डौ–** मासंगा नेवा: पुच:को आयोजनामा बुद्धको मूर्ति हात्ती माथि राखी साँस्कृतिक बाजागाजा सहित भिक्षुगण गुरुमांहरू, उपासक, उपासिका र विभिन्न भक्तजनहरूले नगर परिक्रमा गरी भव्यरुपमा धर्मचक्र दिवस मनाइयो । केलटोलबाट शुरु गरिएको उक्त नगर परिक्रमा केलटोलमा नै आई समापन गरिएको थियो । उक्त कार्यक्रममा २५९० औं धर्मचक्र दिवस आयोजना गर्ने पालो खुसीवहिका मोति शाक्यलाई पुच:का अध्यक्ष भिमबहादुर श्रेष्ठले र उपाध्यक्ष नरेश महर्जनले हस्तान्तरण गर्नुभएको थियो ।

## २५४४ औं बुद्ध पूर्णिमा महोत्सव

**विराटनगर–** ढीला प्राप्त भएको समाचार अनुसार बिराटनगर स्थित धर्मोदय सभा, विराट बौद्ध संघ, उपासिका संघ र युवा बौद्ध संघको संयुक्त आयोजनामा २५४४ औं बुद्ध पूर्णिमा महोत्सव सम्पन्न भएको छ ।

बैशाख २८ जेठ ५ गतेसम्म भव्यरुपमा संचालित उक्त महोत्सवमा ज्ञानमाला भजन, बुद्ध पूजा, शील प्रार्थना, भिक्षु शोभनबाट सप्ताहव्यापी धर्मदेशना हाजिरी जवाफ प्रतियोगिता, शान्ति दीप यात्रा, शान्ति दौड आदि कार्यक्रम संचालन गरिएको थियो ।

समारोहमा स्वाँया पुन्हीको उपलक्षमा प्रमुख अतिथि नगर प्रमुख रमेश चन्द्र पौडेलज्यूबाट बुद्ध मूर्ति अनावरण गर्नुभएको थियो । विराट बौद्ध संघको उपाध्यक्ष मोहन प्रसाद शाक्यको अध्यक्षतामा सम्पन्न उक्त सभामा भिक्षु शोभन लगायत प्रमुख अतिथिज्यू प्रा. जीवेश्वरलाल लाखे र रमेश शाक्यज्यूबाट आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएका थिए । त्यस्तै संघका सचिव सत्यनारायण ताम्राकारले विहार निर्माण बारेको प्रतिवेदन र उपसचिव प्रकाशमान शाक्यले धन्यवाद मन्तव्य व्यक्त गर्नुभएको थियो ।

## लुभुइ बौद्ध युवा कमितीया ज्याभ्मो:

बौद्ध युवा कमितीपाखें बुद्ध शिक्षा प्रचार यानावयाच्वंगु ङ्वले न्ह्याका वयाच्वंगु बौद्ध परियत्तिया पुरस्कार वितरण समारोह यल जिल्ला क्षेत्र नं २ या माननीय सांसद श्री कृष्णलाल महर्जनया मू पाहाँत्वे सम्पन्न जुल । लुभु गा.वि.स या नायो हरिगोविन्द श्रेष्ठया सभापतित्वे जूगु उगु सभाय् कमितीया दुज: सजिना शाक्यपाखें लसकुस न्वचु बिया बिज्यागु खसा कमिटीया दुज: व सुनिल महर्जनपाखें बौद्ध परियत्ति शिक्षाया वार्षिक गतिविधि प्रस्तुत यासे थौ कन्हेया समाजे मनुतयेगु जीवन सुधार यायेत नैतिक शिक्षा, चरित्र भिंकेगु शिक्षा मदेयक मगागु जुया थ:पिसं बौद्ध परियत्ति कक्षा संचालन याना वयाच्वनागु खँ कनादिल । थुगु परियत्ति केन्द्रया संयोजक रविन्द्र शाक्यपाखें आय-व्यय विवरण न्ह्यब्वयादीगु ख: ।

उगु कार्यक्रमय् मन्तव्य बीइगु ङ्वलय् भिक्षु कोलितपाखें बुद्ध शिक्षाया महत्व प्रकाश याना अशान्तिमय जीवनपाखे मुक्त जुइया लागी आचरण भिंकेमा गुकेया लागी बुद्ध शिक्षा मदेयकं मगागु खँ कना बिज्यात । अथेहे माननीय सांसद कृष्णलाल महर्जनपाखें बुद्धया मूल शिक्षा वहुजन हिताय, वहुजन सुखाय कथं बुद्ध शिक्षा प्रचार यायेगु ज्याय् थ:मंनं सांसदया हैसियत ग्वहाली यायेगु खँ कनादिसे बौद्ध युवा कमितीया थुगु ज्यायात प्रशंशनीय जु अथेजुया थुकेया निरन्तरता बिया वनेमागु खँ कनादिल नापं सकल बौद्धपिसं थज्यागु समाज सुधार ज्याय् सहयोग यायेगु कर्तव्य ख: धका कनादिल । वयकलं बौद्ध युवा कमितीया परियति शिक्षा उत्तीर्ण जुपिं ३० म्हं मयाक विद्यार्थीपिन्त पुरस्कार वितरण याना दील । सभापति हरिगोविन्द श्रेष्ठपाखे बुद्ध शिक्षा जीवन उपयोगी शिक्षा ख: थुकियात निरन्तरता विइत मा:गु ग्वहाली यायेगु खँ कनादिल । वहे ङ्वले रामगोपाल सिंहपाखे नं न्ववानादीगु ख: ।

पार्वती महर्जन व अनिल महर्जनपिंसं संचालन याना दीगु कार्यक्रमया अन्तय् कमिटीया महासचिव विश्वन्तर शाक्यपाखें धन्यवाद ज्ञापन याना दीगु ख: । थुगु बौद्ध परियत्तिस स्यनामि जुया सेवा यानादिपिं स्यनामि छसिकथं सुनिल महर्जन, अनिल महर्जन, रवीन्द्र शाक्यपिन्त प्रेरणा कथं पुरस्कारनं ल:ल्हानादीगु ख: ज्यायात कदर यासे । थुगु केन्द्रय् शनिवा: न्हिनय् ११ बजेनिसें ६ बजे तक कक्षा संचालन जुयाच्वंगु दु । लुमंके बहजु थुगु कमितीपाखें प्रत्येक शनिवा: यलया भतापोलय् ल्यासे ल्यायम्ह तयेया निंतिं बुद्धया व्यवहारिक शिक्षा सम्बन्धी कक्षा संचालन जुयाच्वंगु खसा लयलय् पतिकं यलया त्वा: त्वाले बाखँ कंकेगु ज्याझ्व: याना वयाच्वंगु ख: ।

# मनू धैम्ह सु खः ?

महासम्मत धैगु राजवंशे मनू नां जुयाच्वंम्ह जुजु छम्ह दु । थ्व जुजु जनताया हित जुइगु व अहित मजुइगु बारे उपदेश बियाथें राज्य बांलाक चलेयाना शिष्टगु समाज स्थापनायाम्ह खः । थुकथं बांलागु आचरण व निस्वार्थगु बिचारं मनूतयूत शिष्टम्ह मनु धैम्ह सिया परम्परां बोपिं जुया मनु धाल धैगु पण्डित विद्वानपिनिगु बिचाः खः ।

**"मनस्स उस्सन्नताय मनुस्सो"** अर्थात् उच्चगु मनदुम्ह धैगु अर्थ कथं पशुपंछी तय्के मदुगु मैत्री करूणा आदि ज्ञानगुणं युक्त व चक्कंगु नुगः दुम्ह नापं झझं उन्नति व विकास जुइगु चिन्तन शक्ति दुगुलिं मनू धागु धैगु अर्थकथाचार्यपिनिगु धापू खः ।

साधारण कथं पशुपंछी तय्के प्यता प्रकारया चिन्ता दया च्वनी । छुछु प्यता धासाः- (१) नयगु (२) द्यनेगु (३) भय व (४) मैथुन (यौन) । थुपिं प्यतां मनूयाकेनं मदुगु मखु दु । तर पशुतसिबे मनू धयाम्ह पाःगु छु धाःसा विवेक बुद्धि दु; धर्म चिन्तन दु; अथे धयागु ज्यू-मज्यू; भिं-मभिं; दया, माया धयागु दु । खालि नय्या लागि म्वाना च्वनेगु, द्यनेगु व मैथुन सेवन याय्गुलीजक ध्यान तया च्वन धासाः, भुले जुया च्वन धाःसा मनू व पशु छुं पाइ मखु । अज्योपिन्त विद्वान, महापुरुषपिंसं धयातगु दु– "मनुष्य रूपेन मृगाश्चरन्ति अर्थात् मनुया ख्वाःपाः पुया पशुथें जक म्वाना च्वंपिं धका । धर्मेन हीना पशुपिंः समानः धर्मगुण मदुपिंः पशुपंछी समान खः ।

समाजपाखे मिखा ब्वेबले प्यता प्रकारया मनूत खनेदुः– (१) प्रेतथें ज्यापिं मनूत (२) पशुया स्वभाव दुपिं मनूत (३) नरके च्वनेथें जीवन हना च्वंपिं मनूत (४) उत्तम स्वभावपिं मनूत ।

**प्रेतमनु–** या स्वभावयाम्ह मनू न्ह्याबलें प्वामजाय्का आशाकुती जुया च्वनी, फोहरी जुया च्वनी । वयात च्वनेगु थाय् दैमखु । नवेक च्वना भुजिं भुंका च्वनी । भ्वाथगु वसः पुना च्वनी । थुपिं मनूतयूत प्रेतथेंजाम्ह मनू धाई ।

तिरच्छान मनुष्य, मनजुया जन्मकाल, कला विवाह यात, मचा दय्कल, न्ह्यागुसां ज्या याना मचा खाचात ब्वलंकल । यानागु ज्या भिंमभिं, धाइ ल्हाइ धयागु छुं च्यूता मदु । मछापह धयागु मदु, धर्मया ज्ञान भ्या भति चाहे मदु, मत्योगु कथं जीविका हना च्वनी । थज्योपिं मनू जूसां पशु समान खः ।

**नारकीय मनुष्य–** मनूजुया च्वंसां न्ह्याबलें कष्टपूर्णगु जीवन हना च्वनी, न्हापा ब्राह्मण व सामन्त समाजयापिं च्यो भ्वातिंत करपिनिगु भरोसाय् म्वाना च्वनेमापिं, पराधीन मानसिक पीडाय लाना च्वंगु जीवन खः । जीवने न्ह्याबलें खिउँसे च्वंनि । अनेक प्रकारया बाधा व बन्धने लाना च्वंगु जीवन, दुःखी जीवन, नवोथाय् च्वनाच्वंपिं मनूतः नरके च्वंपि मनूत समान खः । न्ह्याबलें स्वतन्त्र मदुपिं ।

**परमार्थ मनुष्य–** उत्तम मनुष्यया स्वभावया मनू भलादमी जुइ । बोलि बांलाइ, थःत मागु सम्पत्ति धन दुम्ह जुइ । उत्तम मनुखं भिं-मभिं थुइका काय्फु । घमण्डी जुइ मखु । सःस्यूथें करपिन्त छचों कुछुइकेगु खँल्हाइ मखु । थःम्हं याय्मागु कर्तब्य पालन याई । सेवा भाव दइ । थःगु चरित्र बांला मला धयागु विचार याइ । करपिं ताले मलागु उस्त वास्ता याइ मखु । थज्योपिं मनूत उत्तमपिं मनू धाइ । छाय् धाःसा इपिं ताले लाकेगु स्वै ।

च्वे उल्लेख यानापिं प्यता प्रकारया मनूत मध्ये परमार्थ मनुष्य मनू धाय लोः जू । छाय् धाःसा उत्तमपिं मनूतय्के विवेक बुद्धि दु । थज्योपिं मनूतसें निर्दोष पूर्वकं ज्यायाना धन कमाय् याइ, नैतिक जीवन हनी । करपिन्त पंगलः जुइ कथं खँल्हाइ मखु, सदाचारी जुया च्वनी । थजोगु गुण दुपिसं सम्यक् विचार छसि कथं गुण धर्म व ज्ञान बृद्धि याइ । थज्योपिन्त धात्थेंयापिं मनू धाई ।

बुद्ध धर्म कथं उत्तमगु गुण सम्पन्नम्ह मनू जुया जन्मकाय् तस्सकं थाकु । **"दुल्लभं च मनुस्सत्त"** उत्तमगु मनुष्य जीवन दुर्लभ खः । उत्तमम्ह मनुष्य धाय्का जन्म कायत पुब्बे च कत पुञ्ञता अर्थात न्हापा न्हापा यक्व पुण्य याना तःम्ह जुइमा । अथे धयागु माँबौपिं ताले लापिं जुयमाः, सत्संगत बांलाम्ह पासा नं तालेलाम्ह जुइमाः ।

✏ **भिक्षु कोलित, संघाराम**

मुद्रक : न्यू नेपाल प्रेस प्रधान कार्यालय : नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं, नेपाल । फोन : ४३४८५०, ४३४७५३
व्यापारिक कार्यालय : शुक्रपथ, न्यूरोड, काठमाडौं, फोन : २५९०३२, २५९४५०, फ्याक्स : (९७७-१) २५८६७८

Downloaded from http://www.dhamma.digital